## शुभकामना

**आउँदै गरेको विजयादशमी, शुभ दिपावली तथा छठ पर्व २०७७ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, नेपाली दाजुभाई, दिदीबहिनीहरुमा सु-स्वास्थ्य, शान्ति, समृद्धि र दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

देशु थारु
अध्यक्ष एवं
विश्वासिलो साकोस परिवार


## महामारीमा साधारणसभा सञ्चालन कार्यविधी २०७७

## साधारणसभा व्यवस्थापन

**सभा सञ्चालन बिधिहरु:**

(१) संस्थाको विनियमको दफा २९ बमोजिम साधारण सभा सामुहिक रुपमा भौतिक उपस्थितिमा सम्पन्न गर्न स्वास्थ्य जोखिम रहेकोले सामाजिक दुरी कायम गरी सामुहिक उपस्थिति बाहेकका बिधिहरुको कार्यान्वयन सम्पन्न गरिनेछ ।

(२) सदस्य तथा समुदायको स्थास्थ्य सुरक्षालाई मध्य नजर गरी साधारण सभा सञ्चालन अबधि ८ दिनको कायम गरिएकोछ । संस्थाको २५ औं साधारण सभा मिति २०७७।०८।१३ देखि २०७७।०८।२० सम्म सम्पन्न गरिनेछ ।

(३) साधारण सभामा सहभागिताको लागि प्रति केन्द्र ५०० सदस्यहरु कायम रहने गरी संस्थाको २५ वटा उपस्थिति केन्द्र कायम गरेकोछ ।

(४) उपस्थिति केन्द्रमा भौतिक रुपमा उपस्थित भई सदस्यहरुले संस्थाको लेखापरीक्षण प्रतिवेदन, बार्षिक प्रतिवेदनहरु तथा सञ्चालक समितिको तर्फवाट प्रस्तुत प्रस्तवहरुको सम्बन्धमा आफ्नो राय राख्न सक्नेछन् ।

(५) भौतिक रुपमा उपस्थित भई अभौतिक छलफलमा सहभागि हुन सक्ने भनि स्वीकार गरेका सदस्यहरुले उपस्थिति केन्द्रमा नाम दर्ता गराई दुर सहभागितामा पनि प्रश्नहरु राख्न सक्नेछन् ।

(६) उपस्थिति केन्द्रमा उपस्थिति भई दस्तखत गरेका सदस्यहरुलाई साधारण सभामा उपस्थित भएको मानिनेछ ।

(७) उपस्थिति केन्द्र संस्थाको कार्यालय समय(वा स्थानीय रुपमा संस्थाले

तोकेको) मा सात दिन नै सञ्चालन गरिनेछ ।

(८) सदस्यहरुको क्षेत्र र सदस्यता नं. अनुसार उपस्थित हुनु पर्ने पनि पत्रमा उल्लेख गरिएको समयमा उपस्थित भई स्वास्थ्य जोखिम कम गर्न सहयोग गर्नु सदस्यहरुको कर्तव्य हुनेछ ।

## उपस्थिति व्यवस्थापनः

(१) उपस्थिति केन्द्रमा एक पटकमा २५ जना भन्दा बढी सामुहिक उपस्थिति नहुने गरी उपस्थिति व्यवस्थापन गरिनेछ ।

(२) उपस्थिति व्यवस्थापनका लागि कर्मचारी तथा स्वयंसेवक गरी एउटा उपस्थिति केन्द्रमा बढीमा तीन जना व्यवस्थापन गरिनेछ ।

(३) उपस्थितिको समयमा सदस्यहरुले सञ्चालक समितिको तर्फवाट पेश भएको प्रतिवेदनहरु तथा २५ औं साधारण सभाका प्रस्तावहरुको सन्दर्भमा लिखित रुपमा संस्थालाई उपलब्ध गराउन सक्नेछन् । सुझाव व्यवस्थापनका लागि उपस्थिति केन्द्रमा सुझाव पेटिकाको व्यवस्था गरिनेछ ।

## २५ औं वार्षिक साधारण सभाका प्रस्तावहरुः

- साधारण सभाको पुस्तिका प्रमाणितका लागि प्रतिनिधि छनोट सम्बन्धमा ।
- आ.व. २०७६।०७७ को वार्षिक लेखापरिक्षण प्रतिवेदन पारित सम्बन्धमा ।
- आ.व. २०७६।०७७ को प्रगति प्रतिवेदन तथा आगामि वर्षको निति तथा कार्यक्रम सम्बन्धमा ।
- लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
- आ.व. २०७७।०७८ को वार्षिक कार्ययोजना तथा बजेट सम्बन्धमा ।
- आ.व.२०७७।०७८ को लागि लेखापरिक्षकको नियुक्ती र पारिश्रमिक तोक्ने सम्बन्धमा ।
- समिति र प्रमुख कार्यकारीको सेवासुविधा सम्बन्धमा
- संचालक समितिले गरेका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
- लाभांश वितरण सम्बन्धमा ।
- शंसोधित निति तथा कार्यविधि अनुमोदन सम्बन्धमा ।
- विनीयम शंसोधन सम्बन्धमा ।
- सहकारी एकिकरण सम्बन्धमा ।
- संस्थाले विभिन्न वित्तीय संस्था, बैंक तथा केन्द्रिय संघवाट ऋृण लिने सक्ने सम्बन्धमा ।
- संचालक समिति लेखा सु. समिति र केन्द्रिय प्रतिनिधिको चयन सम्बन्धमा ।

## संस्थाको संक्षिप्त जानकारी

श्री विश्वाशिलो बचत तथा ऋण सहकारी संस्था लि. बर्दिया जिल्ला अन्तरगत बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र अन्तरगत पर्ने लुम्बिनी प्रदेश बर्दिया जिल्ला ठाकुरबाबाको तपोभुमिको नामले परिचित ठाकुरबाबा न.पा.को वडा नं. ८, मढेला मा अवस्थित छ। बर्दिया राष्ट्रिय निकुञ्जले यस क्षेत्र लाई विश्व भरि चिनाएको छ। यहाँ अन्य जातिको भन्दा थारु जातिको बहुल्यता छ। हाल संस्थामा महिला ८४७८ पुरुष ३५०२ र समूह ८२ वटा गरी जम्मा १२०६२ जना शेयर सदस्य छन्। संस्थाको कार्यक्षेत्र ठाकुरबाबा, बारबर्दिया, मधुवन न.पा., राजापुर न.पा. र गेरुवा गा.पा. मा रहेको छ। संस्थाको कार्य क्षेत्रमा ५०% निम्न आयस्तर भएका मानिसहरुको बसोबास रहेको छ। यहाँका मानिसहरु ८०% कृषिमा आधारित छन्।

**यस संस्थाको संक्षिप्त जानकारी यस प्रकार रहेको छ ।**

| | | |
|---|---|---|
| १) | **शुरुवात** | :- बचत समुह गठन भएर । |
| २) | **सहयोगि संस्था** | :- साप नेपाल । |
| ३) | **दर्ता मिति** | :- २०५२/०२/०३ । |
| ४) | **दर्ता भएको जिल्ला** | :- डिभिजन सहकारी कार्यालय गुलरिया, बर्दिया । |
| ५) | **दर्ता नं.** | :- ४/१९(१)०५१/०५२ |
| ६) | **पा.नं.** | :- ३०३२९४१६४ |
| ७) | **संस्थापक सदस्यहरु** | :- |

| | | |
|---|---|---|
| १) राधा चौधरी | ११) विना भट्टराई | २१) कविता शर्मा |
| २) निम प्रसाद थारु | १२) नमान सिंह थापा | २२) सिता गौतम |
| ३) साईती थारु | १३) दुखिराम थारु | २३) कलिराम चौधरी |
| ४) तुलसीराम थारु | १४) लाल बहादुर थारु | २४) सुरत बहादुर शाह |
| ५) मटराम चौधरी | १५) आनन्द विक्रम शाह | २५) दिनेश चन्द्र गौतम |
| ६) उमा शाह | .१६) खड्ग बहादुर खड्का | २६) राम बहादुर थापा |
| ७) दिल बहादुर पाण्डे | १७) देशु थारु | २७) डम्बर बहादुर थारु |
| ८) राम प्रसाद भट्टराई | १८) कृतिरुप भण्डारी | २८) सिता देवि भट्टराई |
| ९) वासुदेव भट्टराई | १९) महेश कुमार चौधरी | |
| १०) कृष्ण प्रसाद भट्टराई | २०) जगतराम उपाध्याय | |

८) **संस्थापक अध्यक्ष :-** खड्ग बहादुर खड्का

९) **हाल सम्मका अध्यक्षहरु :-**

१) खड्ग बहादुर खड्का (तदर्थ समिति) २०५२/०२/०३ देखि २०५२/०५/०५ सम्म

२) विना भट्टराई २०५२/०५/०६ देखि २०५४/०८/१५ सम्म

३) देशु थारु २०५४/०८/१६ देखि हाल सम्म

**१०) कर्मचारी प्रमुखको व्यवस्था :-**

१) २०५२/०२/०३ देखि २०५४/०९/३१ सम्म संचालक समितिबाट संचालित

२) २०५४/१०/०१ देखि २०५६/०५/१५ सम्म कालिचरण थारु (अतिरिक्त समय)

३) २०५६/०५/१६ देखि लोक प्रसाद उपाध्याय (व्यवस्थापक)

४) २०७१/०९/१६ देखि हालसम्म कृष्ण प्रसाद शर्मा (प्रमुख कार्यकारी अधिकृत)

५) २०७६/०३/३१ सम्म कर्मचारी संख्या ३२ जना ।

**११) संस्थाको कार्य क्षेत्र :-** ठाकुरबाबा नगरपालिका, मधुवन नगरपालिका वडा नं. १,२,३,४, बारबर्दिया नगरपालिका वडा नं. १ देखि ८ राजापुर नगरपालिका वडा नं. १० र गेरुवा गाउँपालिका,

**१२) शुरुवातको बचत दर :-** दैनिक ५० पैसा पर्ने गरी मासिक रु.१५।-

**१३) संस्थामा हाल सम्म बनेका निति निर्देशिका, कार्यविधिहरु :-**

| **नीतिहरु** | **निर्देशिका र कार्य विधिहरु** |
|---|---|
| १. बचत नीति | १. लघुवित्त कार्यक्रम संचालन निर्देशिका |
| २. ऋण नीति | २. सदस्य सेवा निर्देशिका |
| ३. आर्थिक प्रशासन नीति | ३. प्रोत्साहन निर्देशिका |
| ४. मानव संसाध नीति | ४. नगद तथा तरलता व्यवस्थापन कार्यविधि |
| ५. सदस्यता राहात नीति | ५. साधारण सभा संचालन कार्यविधि |
| ६.सदस्यता नीति | ६. सेवाकेन्द्र संचालन कार्यविधि |
| ७. कोष परिचालन नीति | ७. बैठक संचालन कार्यविधि |
| ८. निर्वाचन नीति | ८. बैठक संचालन कार्यविधि |
| ९. शुसासन नीति | ९. सानो नगदी कोष संचालन कार्यविधि |
| १०. बाह्य ऋण नीति | १०. सदावहार काउण्टर संचालन कार्यविधि |

**क. परिकल्पना** :(Vision) सदस्यहरुलाई गुणस्तरिय सेवा मार्फत वित्तिय आवश्यकता पुर्ति गर्ने सक्षम साकोष ।

**ख. ध्येय** :- (Mission)

अ) सदस्यहरुको आर्थिक, सामाजिक,शैक्षिक र सांस्कृतिक विकास गरी सदस्यहरुलाई सम्पन्न तथा आत्मनिर्भर बनाउने ।

आ) संस्थालाई आर्थिक र भौतिक रुपले बलियो बनाई सदस्यहरुको भरपर्दो

साकोषको रुपमा स्थापित गर्ने ।

३. **उद्देश्य :- (Objectives)**

**अ) दिर्घकालिन उद्देश्यहरु :-**

क) संस्थामा संलग्न सदस्यहरु र जनसमुदाय विच स्वालम्बन, पारस्परिक सहयोग एवं मितव्ययिताको अभिवृद्धि गरी नियमित बचत गर्ने बानीको विकास गर्ने ।

ख) नियमित रुपमा सदस्यहरुबाट निक्षेप प्राप्त गर्नुको साथै वहाँहरुले गरेका निक्षेपमा उचित दरमा व्याज दिने ।

ग) उत्पादनशिल, आयमूलक र सिपमूलक उद्देश्यका लागि सदस्यहरुलाई उचित व्याजदरमा ऋण प्रदान गर्ने ।

घ) आत्म विश्वास तथा आत्मनिर्भरता सम्बन्धि धारणा बारे सदस्यहरुलाई उत्प्रेरित गर्ने ।

ङ) सदस्यहरुलाई आयआर्जन कार्यमा वृद्धि गर्नको लागि आवश्यक मदत र जानकारी उपलब्ध गराउने ।

च) सदस्यहरुको आर्थिक अवस्थामा सुधार गर्ने खालका अन्य कृयाकलाप संचालन गर्ने ।

छ) लघुवित्त कार्यक्रम संचालन मार्फत न्युन आयस्तर भएका परिवारलाई समेटि आयआर्जन गर्न लघुकर्जा प्रदान गरेर सहयोग गर्ने ।

ज) दातृ निकाय बाट कुनै सर्त नराखि प्राप्त हुने चन्दा र अनुदान स्वीकार गर्ने ।

झ) आफ्नो उद्देश्य प्राप्तिका लागि समान उद्देश्य भएका स्थानिय, क्षेत्रिय, राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरु संग समन्वयात्मक भावना राख्ने ।

ञ) सदस्यहरुको संवृद्धि र विकासको अधिकतम हित लाई ध्यानमा राखि सहकारी ऐन नियमहरु र यस विनियममा व्यवस्था भए बमोजिम दैनिक कार्य संचालनका साथै चल अचल सम्पत्ति आर्जन गर्ने, क्रय विक्रय गर्ने, विनिमय गर्ने, हस्तान्तरण गर्ने, धरौटी राख्ने र बन्धक राख्ने आदि कार्य गर्ने ।

ट) सदस्यहरु तथा संस्थागत विकासका लागि आय आर्जन परियोजना संचालन गर्ने ।

ठ) समाजमा कमजोर वर्ग र निम्न आय भएका व्यक्ति वा समुहको आर्थिक सामाजिक उत्थानमा सहयोग पुऱ्याउने ।

ड) अन्य संघ संस्थाबाट ऋण लिने र दिने ।

ढ) कृषि तथा पशुपालन सम्बन्धि सामुहिक कार्यक्रम संचालन गर्ने ।

ण) विमा र रेमिटान्स कार्यक्रम संचालन गर्ने ।

**आ) अल्पकालिन उद्देश्यहरु :-**

१. भाखा नाघेको ऋण असुली गर्ने ।
२. बचत वृद्धि गर्ने ।
३. शेयर पूंजी वृद्धि गर्ने ।
४. संस्थागत पूंजी वृद्धि गर्ने ।
५. नकमाउने सम्पत्ति वृद्धि नगर्ने ।
६. सफ्टवेयर संचालनलाई अझ व्यवस्थीत गर्न नविनतम प्रविधीहरुको खोज गर्ने ।
७. रेमिटान्स कार्यक्रम संचालन गर्ने ।
८. सदस्य सर्वेक्षण गरी तथ्याङ्क संकलन

गर्ने ।

९. सदस्यहरुलाई प्रत्यक्ष राहत हुने कार्यक्रम संचालन गर्ने ।

१०. संचालक र कर्मचारीहरुका लागि क्षमता वृद्धि हुने खालका तालिमको व्यवस्था गर्ने ।

११. सदस्यहरुको लागि शिक्षा शिविर र सिपमूलक तालिम संचालन गर्ने ।

१२. विभिन्न दातृ निकाय संग समन्वय गर्ने।

१३. सदस्य वृद्धिलाई तिव्रता दिने ।

१४. आवश्यक नितिहरु निर्माण गर्ने ।

१५. आवश्यकता अनुसारको मानव संसाधनको व्यवस्था गर्ने ।

१६. ऋण लगानी प्रकृयालाई व्यवस्थित गर्ने।

१७. कार्यक्षेत्र विस्तार गर्ने र सेवा केन्द्र खोल्ने ।

१८. प्रोबेसन कार्यक्रम सफल बनाई एक्सेस ब्रान्ड लिने प्रकृया अगाडी बढाउने ।

१९. संचालक समितिको बैठकमा भएका निर्णयको कार्यान्वयन गर्ने ।

२०. समाजसेवी, वृद्धिजिवी र स्थानिय संघ संस्था संग नियमित रुपमा अन्तरक्रिया गर्ने ।

२१. कर्मचारीहरुको विमा कार्यक्रमलाई निरन्तरता दिने ।

२२. अर्धवार्षिक समिक्षा गर्ने ।

२३. संचालक र कर्मचारीको वर्षमा एक पटक स्वमूल्याङ्कन गर्ने ।

२४. पशुपंक्षी, बाली र ऋणीहरुको विमा कार्यक्रमको लागि सम्बधित निकायको खोजि गर्ने ।

२५. सहकारीका दिवसहरु (सहकारी दिवस, संस्था स्थापना दिवस) नियमित रुपमा मनाउने ।

२६. संस्थाको कार्य क्षेत्रमा अवस्थित सहकारीहरुसंग समन्वय गरी संस्थागत विवरण आदान प्रदान गर्ने ।

२७. वर्षमा कम्तिमा २ पटक ब्याजदर विष्लेषण मार्फत ब्याजदर निर्धारण गर्ने ।

**आवद्धता**

१. जिल्ला बचत तथा ऋण सहकारी संघ, बर्दिया

२. जिल्ला सहकारी संघ बर्दिया

३. नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ

४. राष्ट्रिय सहकारी बैंक

**निष्कृय सदस्यले नपाउने सुविधाहरुः-**

**१. ऋण लिन (आकस्मिक सहित)**
**२. जमानी बस्न ।**
**३. प्रतिनिधि तथा उम्मेद्वार हुन ।**
**४. मुनाफा पाउन ।**
**५. राहत सुविधा पाउन ।**
**६. दुर्घटना विमा सुविधा पाउन ।**

**"सक्रिय सदस्य बनौं, पाउने सुविधाबाट बञ्चित नहौं"**

# अध्यक्षका मन्तव्य

**देशु थारु**
**अध्यक्ष**

श्रीमान् प्रमुख अतिथी ज्यू तथा अन्य संघ संस्था बाट पाल्नु भएका उपस्थित अतिथी ज्यूहरु, सञ्चालक समितिका सम्पूर्ण सदस्यहरु, संस्थाका लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति, कार्यमुलक व्यवस्थापन उपसमिति, शिक्षा उपसमिति, महिला विकास उपसमिति, लघुवित्त सञ्चालन उपसमिति, सेवा केन्द्र सञ्चालन कार्यदल, कर्मचारीहरु, सम्पूर्ण शेयर सदस्य र पार्सल मित्रहरु । आज हुन गरिरहेको २५ औं वार्षिक साधारण सभामा तपाईहरु सबैले संस्थालाई गर्नु भएको निस्वार्थ भावना प्रति आभार व्यक्त गर्दछु ।

६३ औं राष्ट्रिय सहकारी दिवसको मूल नारा **“मर्यादित श्रम र पर्यटनका लागि सहकारी”** भन्ने रहेको थियो । नेपालमा पहिलो सहकारी वि.स. २०१३ साल चैत्र २० गते चितवनको बखानपुर ऋण सहकारी रहेको स्मरण गराउन चाहन्छु । अहिले विभिन्न विषयगत तथा बहुउद्देश्यीय सहकारी झण्डै ३७००० जती छन् । रो जगारी सृजना, गरिवी न्यूनिकरण र देशको ग्राहस्थ उत्पादन तथा राजश्व संकलनमा सहकारी क्षेत्रको योगदान रहेको छ ।

आज हामी यस संस्थाको २५ औं वार्षिक साधारण सभामा उपस्थित भई रहेका छौं । यस साधारण सभाको मूल नारा **“मेरो विश्वास, मेरो विश्वासिलो”** रहेको छ । वि.स. २०५२ सालमा दर्ता भएको यस संस्थाले २५ औं वसन्त पार गरी २६ औं वर्षमा थालनी भएको छ । विगतका वर्षहरुमा विभिन्न कठिनाईहरु लाई झेल्दै संस्था आज यस अवस्थामा आईपुगेको छ । २८ जना शेयर सदस्य बाट शुरुवात भएको यस संस्थामा हाल आएर १२०६२ जना शेयर सदस्य पुगेका छन् । यस वर्ष कोभिड १९ को विश्वव्यापी प्रभाव सँगै यस संस्थामा पनि संस्था सञ्चालन प्रक्रियामा के ही समस्या आएकोले गत वर्ष तोकिएको लक्ष्यमा पुग्न नसकेपनि २०७७ असार मसान्तसम्म संस्थाको रु.४३,०१,१७,५८०।- को वासलात छ भने संस्थाको शेयर पूँजी रु.४,९६,८१,०००।- छ । साथै यस संस्थाले महिलाहरुको समुह बनाई लघुवित्त कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ । वाँकी कारोवार यहाँहरु समक्ष प्रस्तुत गरि एका लेखा परीक्षण प्रतिवेदन बाट अवगत हुनेनै छ । विगतका वर्षहरुमा फर्निचर खरिद गर्नको लागि भैलो खेलेर रकम संकलन गर्नु पर्ने अवस्था थियो भने हाल आएर कर कटाई संस्था रु.१,०७,३५,९७०।- नाफा गरी प्रति शेयर ७ रुपैया लाभांश

वितरण गर्न सफल भएका छौं । संस्थाको छाता संगठन र अन्य संघ संस्था संग सुमधुर सम्बन्ध राख्दै आइरहेको छ ।

कोभिड १९ को प्रभाव रहिरहेको अवस्थामा पनि शेयर सदस्यहरुको सुविधालाई ध्यानमा राखि संस्थाका कर्मचारी तथा शेयर सदस्यहरुलाई सुरक्षा मापदण्ड अपनाई सेवा सञ्चालनमा निरन्तरता दिइएको थियो । कोभिड १९ को कारण देश लकडाउन रहेकोवेला संस्थाले कार्यक्षेत्र रहेका पालिका मार्फत विपत्त व्यवस्थापनमा सहयोग पुगोस् भन्ने उद्देश्यले रु ९०,०००।- र संस्थामा कार्यरत कर्मचारिहरुको १ दिन वरावरको तलव रकम सहयोग स्वरुप उपलव्ध गराएका थियौं ।

शेयर सदस्यकहरुको सक्रियता, संचालक र कर्मचारीहरुमा इमान्दारिता तथा लगनशिलताको मिलनबाट निति, विधि र प्रविधीमा आधारीत सदस्यको आवस्यकता परिपूर्ती गर्ने सक्षम साकोष निर्माणको अभियानमा हामि लागि रहेका छौ । संचालक तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्दै तालिम शिक्षालाई प्रभावकारी रुपमा संचालन गरि संस्थाका सेवा तथा उत्पादनहरुलाई अधिक्तम प्रयोगमा ल्याईनेछ । संस्था ६ वर्ष देखि प्रोवेशन कार्यक्रममा सहभागि रहेको सबैलाई विदितै छ । यस कार्यक्रमलाई सफल गरि एक्सेस ब्राडमा लैजाने दिर्घकालिन सोच राखिएको छ । सहकारी एकिकरणको अभियानलाई सफल पार्न यस संस्थाले गत वर्ष आशिरवाद महिला कृषि सहकारी संस्था लि. ठाकुरबाबा-९, संगिनी महिला कृषि सहकारी संस्था लि. ठाकुरबाबा-६ र खुटासामहिला कृषि सहकारी संस्था लि. ठाकुरबाबा-३ संग एकिकरण गरि संस्थाको इतिहाँसमा एक खुट्कीलो थप्न सफल भएको छ । आगामि दिनहरुमा पनि संस्थाले प्रशन्न महिला कृषि सहकारी संस्था, बारबर्दिया-६, पदनाहा, निगरानी महिला कृषि सहकारी संस्था, वारबर्दिया न.पा.-८, जयनगर, दिया महिला कृषि सहकारी संस्था, वारबर्दिया न.पा.-१०, वैदी, श्रीबृद्धि महिला कृषि सहकारी संस्था, राजापुर न.पा.-१०, मंगलपुर, प्राकृतिक महिला कृषि सहकारी संस्था, ठाकुरबाबा न.पा.-१, सिंहवाहिनी, पारिजात महिला कृषि सहकारी संस्था, मधुवन न.पा.-१, सुर्यपटुवा र संस्थाको कार्यक्षेत्र भित्र रहेका विभिन्न बचत तथा ऋण सहकारी संस्थाहरु सँग एकिकरण गर्नका लागि छलफल गरिरहेका छौं ।

अन्तमा संस्थाका संचालक समितिका साथीहरु लेखा समिति, ऋण उपसमिति तथा विभिन्न उपसमितिका साथीहरु संस्थामा भईपरी आएको बेलामा मलाई सघाउने शुभ चिन्तक साथीहरु, शेयर सदस्यहरु, संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुले संस्था संचालन कार्यमा आफ्नो क्षेत्रमा आफ्नो कर्तव्य बहन गरेको हुनाले सफलताको तथा उत्तरोउत्तरको कामना गर्दछु ।

"मेरो विश्वास मेरो विश्वाशिलो"

# आ.व. २०७६/०७७ को प्रगती तथा प्रस्तावित नीति तथा कार्यक्रम २०७७/०७८

**प्रेम कुमार योगी**
**सचिव**

२५ औं बार्षिक साधारण सभाका अध्यक्ष ज्यू, यस सभाका प्रमुख अतिथि ज्यू, विभिन्न कार्यालय, संघ संस्थाबाट पाल्नुभएका अतिथि ज्यूहरु संस्थाका मेरुदण्ड आदरणीय शेयर सदस्यज्यूहरु, केन्द्रिय प्रतिनिधि ज्यू, सञ्चालक समितिका मित्रहरु लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु पत्रकार, सुरक्षा कर्मी, संस्थाका सम्पूर्ण कर्मचारी वर्ग र शुभचिन्तक महानुभावहरुमा संस्था र मेरो व्यक्तिगत हार्दिक स्वागत एवं नमस्कार ।

हाम्रो विश्वाशिलो बचत तथा ऋण सहकारी संस्था लि. २५ औं वसन्त पार गर्दै अगाडि वढेको छ । हाम्रो संस्थाले नेपाल सरकारका ऐन कानुन संग नबाझिने गरी शेयर सदस्यहरुलाई सुविधा पुऱ्याउने खालका नीति नियम निर्माण गर्दै आफ्ना सेवामुखि कार्य गर्दै आएको छ । सहकारीलाई राज्यको तेस्रो अंग मानिएको मुलमन्त्रलाई ध्यानमा राखी शेयर सदस्यहरुको आर्थिक, सामाजिक र सँस्कृतीक रुपान्तरणका लागि सदस्य मुखि कार्यक्रमलाई सञ्चालन गर्दै आएको छ । रु २०,००० सम्म शेयर सदस्यलाई अर्थात आकस्मीक ऋण र लघुवित्त तर्फ समूह जमानी मा संस्थाको नीति बमोजिम विना धितो ऋण लगानी गर्ने कार्यलाई यथावत राखी रु २,००,००० सम्म खरखाँचो ऋणको पनि व्यवस्था गरिएको छ । शेयर सदस्यलाई छिटो छरितो सुविधा पुऱ्याउने हेतु सेवाकेन्द्रबाटै बचत र लगानीका कार्य गर्ने व्यवस्था पनि यथावत छ । यस संस्थाको कार्य क्षेत्र ठाकुरबाबा न.पा. र गेरुवा गा.पा. का सबै वडाहरुका साथै मधुवन न.पा. का वडा नं. १-४ सम्म, बारबर्दिया न.पा वडा नं. १-८ सम्म र राजापुर न.पा. का वडा नं. १० कार्यक्षेत्र रहेका छन् । कार्यक्षेत्रका विभिन्न ठाउँमा खोलिएको सेवाकेन्द्र र बचत संकलन केन्द्रबाट हाम्रा शेयर सदस्यहरुलाई सेवा सुविधा उपलब्ध गराउँदै आएका छौं । केन्द्रिय

कार्यालय र सबै सेवा केन्द्रहरुवाट रेमिटान्स सेवा चलाउँदै आएकोमा यसलाई अझै व्यवस्थीत गरी सुविधा दिइनेछ ।

जवसम्म नेपाली नागरीकहरुको आर्थिक सामाजिक र साँस्कृतिक परिवर्तन हुँदैन तवसम्म देशले विकासको गति लिन सक्दैन भन्ने वर्तमान नेपाल सरकारको विचारलाई पछ्याउँदै, हाम्रो संस्था आफ्ना शेयर सदस्यहरुको जिवनशैलि परिवर्तनमा कटिवद्ध छ । संस्थाले शेयर सदस्यहरुलाई आय आर्जनका कार्यहरुवाट आत्मनिर्भर हुनु पर्नेमा जोड दिदै आएको छ । लघुवित्त कार्यक्रम यसको ज्वलन्त उदाहरण हो, हाम्रो समाजमा अरुको उन्नती र प्रगति भएको हेर्न नसक्ने मान्छेको पनी कमि छैन । तैपनी यो संस्था र हाम्रो सदस्यले त्यस्ता कुराहरुको कुनै प्रवाह नगरी अघि वढि रहेका छौं ।

शेयर सदस्य ज्यूहरु गत २५ औं वार्षिक साधारण सभादेखि हालसम्म यस संस्थाबाट भए गरेका कार्य विवरणहरु यहाँहरु समक्ष प्रस्तुत गर्दछु ।

**१. यस आ.व. भित्र गरिने नयाँ कार्य तथा जोखिम न्युनिकरण सम्बन्धी योजना :**

❖ **सदस्य राहत कार्यक्रम** : यस वर्ष सदस्य राहत कार्यक्रमलाई बृद्धि गरि सहज र सरल ढंगले वितरण गरिने छ ।

❖ **सदस्य विमा कार्यक्रम** : प्रत्येक सदस्यको लागत सहभागितामा ४ लाख बरावरको दुर्घटना विमा गरिने छ ।

❖ **लघुवित्त तर्फ ऋणी विमा कार्यक्रम** : लघुवित्त तर्फ विना धितो लगानी गरिने ऋणको जोखिम कम गर्न ऋण रकम बराबरको म्यादी विमा कार्यक्रम संचालन गरिने छ ।

❖ **छात्रबृत्ति कार्यक्रम** : यस वर्ष कक्षा आठ र एस.ई.ई. मा उत्कृष्ट नतिजा ल्याउने २-२ जना सबै सेवाकेन्द्रका विद्यार्थी छनोट गरि छात्रबृत्तिको कार्यक्रम लागु गरिनेछ ।

❖ **मोवाईल बैंकिङ तथा एस.एम.एस. सेवा** : संस्थाले सदस्यहरुलाई सहजै कारोवार गर्न नविन्तम प्रविधिमा आधारित मोवाईल बैंकिङ तथा एप्स लागु गर्ने तयारी गरेको छ । यसै गरि कारोवारको सुचनालाई अझ व्यवस्थीत गर्न एस.एम.एस. प्रविधी समेत संचालन गरिने छ ।

❖ **ऋण लगानीको सिमा बृद्धि** : यस वर्ष  सदस्यहरुको व्यवसाय बृद्धि गर्न

प्रोत्साहन होस भन्ने उद्देश्यले विभिन्न शिर्षकहरुमा ऋणको सिमा २५ लाख सम्म र अधिक्तम ऋण भुक्तानी अवधि ८ वर्ष हुने ऋण नितिमा व्यवस्था गरिएको छ ।

❖ **सहकारी एकिकरण** : राज्यको सहकारी अभियानलाई सफल पार्न यस संस्थाले गत वर्ष ३ वटा संस्था एकिकरण गर्न सफल भएको छ भने आगामि वर्ष यस कार्यक्रमलाई निरन्तरता दिईने छ ।

❖ **सुत्केरी बचत तथा सुत्केरी सुविधा** : संस्थाले महिला शेयर सदस्य गर्भवति हुँदा आर्थिक संकट नपरोस भन्ने उद्देश्यले सुत्केरी वचत खाताको व्यवस्था गरेको छ । यस खातामा रकम जम्मा गर्ने सदस्यलाई सदस्य राहत कार्यक्रम तर्फबाट दिईने रु.१००० संगै ५०० थपेर सुत्केरी सदस्यलाई प्रदान गरि जन्मेको शिशुको नावालक खाता संचालन गर्ने व्यवस्था गरेको छ ।

❖ संस्थाको आवश्यकतालाई ध्यानमा राखि साधारण सभाले स्विकृती प्रदान गरेमा यस आ.व. भित्र आवश्यक प्रकृया बमोजिम एक वटा गाडि (जीव) खरिद गर्ने प्रस्ताव राखेका छौ ।

❖ सबै सेवाकेन्द्रहरुमा सदस्य मैत्री वातावरण भएको कार्यालयहरु व्यवस्थालाई अझ व्यवस्थीत गरिने छ ।

❖ **संस्थाको भौतिक सम्पत्तिको विमा** : भविष्यको जोखिम न्युनीकरण संस्थाले भवन, फर्निचर, कम्प्युटर लगात भौतिक सम्पत्ति र संस्थाको केन्द्रिय कार्यालय लगायत सेवाकेन्द्र समेतको ढुकुटि, नगद तथा मार्गस्थ विमा गरेको छ ।

२) **शेयर  दस्य सम्बन्धि विवरण :-**

| क्र.सं. | विवरण | गत वर्ष | यस वर्ष | आगामी वर्षको योजना |
|---|---|---|---|---|
| १. | महिला | ७३६४ जना | ८४७८ जना | १०४३८ जना |
| २. | पुरुष | २१४२ जना | ३५०२ जना | ५४५९ जना |
| ३. | समुहगत | १०० वटा | ८२ वटा | ८५ वटा |
| | | ९६०६ जना | १२०६२ जना | १५९८२ जना |

**३) आ.व. ०७६/०७७ मा बैंठक संख्या :-**

| | |
|---|---|
| संचालक समिति : | १३ पटक |
| लेखा समिति : | ४ पटक |
| ऋण उपसमिति : | १४ पटक |
| शिक्षा उप समिति : | ० पटक |
| महिला विकास उप-समिति : | ० पटक |
| कार्यमूलक व्यवस्थापन उप-समिति : | ८ पटक |
| कर्मचारी समिक्षा बैठक | ८ पटक |

**४) गत साधारण सभादेखि हालसम्म संचालक समितिले गरेका मुख्य निर्णयहरु:**

मिति २०७६।७।७ : गत साधारण सभाको समिक्षा भएको, नेफ्सकुनबाट ऋण माग गर्ने ।

मिति २०७६।८।९ : मंगलपुर बचत संकलन केन्द्रको संयोजक तोक्ने ।

मिति २०७६।९।१० : प्राविधिक सहायक अधिकृतको विज्ञापन खोल्ने, भाखा नघाउने ऋणीको नाम सार्वजनिक सुचनामा प्रकासन गर्ने, व्याजदर विष्लेषण तथा निर्धारण गर्ने, संस्थाको पुरानो मोटर साईकल विक्रि गर्ने ।

मिति २०७६।१०।९ : जयनगर बचत संकलन केन्द्रका लागि कार्यदल गठन गर्ने ।

मिति २०७६।११।८ : सहकारी एकिकरणका लागी कार्यदल गठन गरी जिम्मेवारी दिने ।

मिति २०७६।१२।९ : कोरोना भाइरसको संक्रमण हुनबाट बच्न सतर्कता र सुरक्षा अपनाउने ।

मिति २०७७।२।१६: कोरोना माहामारीका लागि विपत व्यवस्थापनकोष संस्थाको कार्यक्षेत्र रहेका पालिकालाई सहयोग गर्ने ।

मिति २०७७।३।९ : आ.व. २०७६।७७ को सालतमामी तथा खतावन्दी गर्ने, आ.व. २०७७।७८को बजेट, योजना निर्माण सम्बन्धमा।

मिति २०७७।४।११ : वार्षिक समिक्षा कार्यक्रम गर्ने ।


मिति २०७७।५।९ : व्याजदर विष्लेषण तथा निर्धारण गर्ने ।

मिति २०७७।६।९ : आगामि साधारण सभाको मिति तोक्ने, निर्वाचन निति शंसोधन गर्ने, साधारण सभा संचालन कार्यविधी शंसोधन गर्ने

**५) गत साधारण सभाले निर्णय गरेका निर्णयहरु कार्यान्वयनको अवस्था :-**
**कोभिड १९को प्रभावका कारणले तोकिए बमोजिमका कार्यहरु सम्पन्न गर्न नसकिएता पनि सम्पन्न भएका कार्यहरु**

- सदस्य थप : १३६८ जना ।
- शेयर पूँजी : लक्ष्यको ४६ प्रतिशत प्रगति ।
- जगेडा कोष बृद्धि : ७६ प्रतिशत प्रगति ।
- बचत : लक्ष्यको २९ प्रतिशत प्रगति ।
- ऋण (लरर) : लक्ष्यको १३ प्रतिशत प्रगति ।
- व्याज असूली : ६५ प्रतिशत प्रगति ।
- खर्च : ७२ प्रतिशत प्रगति ।
- भाखा नाघेको ऋण असूली : लक्ष्यको ० प्रतिशत प्रगति ।
- ऋण, साधारण सभा संचालन कार्यविधि, निर्वाचन निति शंसोधन ।
- तीज विशेष शुभकामना आदान प्रदान कार्यक्रम गरिएको ।
- सहकारी शिक्षा मार्फत ५२५ जनालाई सहकारी शिक्षा दिइएको ।
- कार्यालयमा आवश्यक पर्ने उपकरण तथा फर्निचरहरु खरिद ।
- प्रशन्न महिला कृषि सहकारी संस्था, बारबर्दिया-६, पदनाहा, निगरानी महिला कृषि सहकारी संस्था, वारबर्दिया न.पा.-८, जयनगर, दिया महिला कृषि सहकारी संस्था, वारबर्दिया न.पा.-१०, वैदी, श्रीबृद्धि महिला कृषि सहकारी संस्था, राजापुर न.पा.-१०, मंगलपुर, प्राकृतिक महिला कृषि सहकारी संस्था, ठाकुरबाबा न.पा.-१, सिंहवाहिनी, पारिजात महिला कृषि सहकारी संस्था, मधुवन न.पा.-१, सुर्यपटुवा र संस्थाको कार्यक्षेत्र भित्र रहेका विभिन्न बचत तथा ऋण सहकारी संस्थाहरु सँग एकिकरण गर्नका लागि छलफल भैरहेको ।
- **सम्पन्न हुन बाँकी कार्यहरु**
- भाखा नाघेको ऋणलाई ५% भन्दा कम गर्न नसक्नु ।
- कर्जा सदुपयोग उल्लेख्य रुपमा गर्न नसक्नु ।
- भाखा नघाउने ऋणिबाट ऋण नीति बमोजिम प्रक्रियामा गई ऋण असुली गर्ने कार्य नभएको ।
- लक्ष बमोजिम आयमुलक तालिम सहकारी शिक्षा वित्तिय शिक्षा सञ्चालन गर्न नसकिएको ।

## ६. कर्मचारी प्रशासनिक संरचना र दरवन्दी




आ.व. २०७७/०७८ का लागि कर्मचारी दरवन्दी ४३ जना

प्रमुख कार्यकारी अधिकृत ७ औं तह १ जना

प्रशासन तथा ऋण अधिकृत ६ औं तह १ जना

निरिक्षक ५ औ तह १ जना

सेवाकेन्द्र प्रमुख ४ औं तह २ जना, ३ औ तह २ जना,
२ औं तह ४ जना

लेखापाल ३ औ तह १ जना

सहायक २ औं तह १२ जना

फिल्ड सहायक ०-१ औ तह ९ जना

कार्यालय सहयोगी ० तह ८ जना

गार्ड ० तह २ जना

## ७. त्रिवर्षीय योजना, कार्यक्रम र लक्ष्यमा संशोधन

| क.सं. | प्रगतिको लागि कार्य | कार्य सम्पादन मापन | एकाई | आ.व.२०७६।०७७ | | लक्ष्य (थप गर्ने) | जिम्मेवरी | बजेट (बार्षिक) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य (थप गर्ने) | थप भएको (प्रगति प्रतिशत | २०७७।०७८ | | श्रोत | रकम |
| १ | भाखा नाघेको ऋण ५% मा झार्ने | पर्ल्स विष्लेषण | ५ | ५ | ० | ५ | संचालक/ कर्मचारी | आम्दानीबाट | १ लाख |
| २ | शेयर पूंजी रु.१,००,००,०००।- थप गर्ने | ले.प. प्रतिवेदन | रु. | १६०००००० | ६६ | १,००,००,००० | संचालक/ कर्मचारी | शेयर सदस्यबाट | ० |
| ३ | संस्थागत पूंजी वृद्धि गरी रु. १,००,००,०००।०० बृद्धि गर्ने | ले.प. प्रतिवेदन | रु. | ९०००००० | ७८ | १,००,००,००० | संचालक/ कर्मचारी | नाफाबाट | ० |
| ४ | बचत वृद्धि कार्यक्रम संचालन गरी रु.१२,००,००,०००। बृद्धि गर्ने | ले.प. प्रतिवेदन | रु. | ८०००००००० | ७५ | १२,००,००,००० | संचालक/ कर्मचारी | शेयर सदस्यबाट | ० |
| ५ | वाह्य ऋण ३ करोड बृद्धि गर्ने | ले.प. प्रतिवेदन | रु. | ७०००००००० | ० | ३०००००००० | संचालक/ कर्मचारी | दातृ वित्तीय संघसंस्था | १ लाख |
| ६ | तरलता व्यवस्थानलाई अझ व्यवस्थीत गर्ने | ले.प. प्रतिवेदन | रु. | १०००००००० | १६० | (२०००००००० | संचालक/ कर्मचारी | आम्दानीबाट | |
| ७ | लगानीमा रहेको रकममा रु १५,००,००,०००। बृद्धि गर्ने | ले.प. प्रतिवेदन | रु. | ८०००००००० | ३५ | १५,००,००,००० | संचालक/ कर्मचारी | शेयर सदस्यबाट | ० |
| ८ | कुल आम्दानी रु.७,५०,००,०००।- गर्ने | ले.प.प्रतिवेदन | रु. | ९१८१३७५० | ६५ | | संचालक/ कर्मचारी | ऋण लगानीबाट | ० |
| ९ | संस्थाको सेवा केन्द्रहरुका लागि १।१ वटा घडेरी खरिद गर्ने। | बैठक पुस्तिका | वटा | पाताभार र ढोढरीमा | ० | पाताभार, ढोढरी र भुरिगाउं | संचालक | घरजग्गा र जगेडाकोष बाट | ७५ लाख |
| १० | संस्थाका सेवाकेन्द्रले छनोट गरेका १।१ वटा वडाहरुमा सदस्य सन्तुष्टि तथा सर्वेक्षण गर्ने | सर्वेक्षण फारम र कार्यसम्पन्न प्रतिवेदन | बटा | संस्थाका कार्यलय भएका वडाहरु (५ वडा) | ० | संस्थाका कार्यलय भएका वडाहरु (५ वडा) | कर्मचारी | आम्दानीबाट | ७५ हजार |
| ११ | सदस्य राहतका कार्यक्रम संचालनलाई व्यवस्थीत गर्न सदस्य शिक्षा संग जोडि प्रभावकारी रुपमा संचालन गर्ने। | राहत निति | LS | संस्थाको सबै केन्द्रहरु बाटै छिटो छरितो वितरण गर्ने र सहभागि हूने | ठिकै | संस्थाको सबै सेवा केन्द्रहरु बाटै छिटो छरितो वितरण गर्ने र सहभागि हुने | संचालक/ कर्मचारी | राहतकोष बाचतबाट | १ लाख |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | ४ हजार जना लाई सहकारी शिक्षा प्रदान गर्ने । | कार्य सम्पन्न प्रतिवेदन | जना | ७००० | १० | ४००० | शिक्षा उपसमिति र प्र.का. अधिकृत | शिक्षाकोष | ४ लाख |
| | ५०० जना सदस्य लाई सिपमूलक तालिम दिन | | | ४०० | ० | ५०० | | | २ लाख |
| १३ | ३८०० सय सदस्य थप गर्ने | प्रगति प्रतिवेदन | जना | १३५० | ७५३ | ३८०० | संचालक/ कर्मचारी | शिक्षाकोष | १ लाख |
| १४ | ४ जना कर्मचारी थप र ५ जना कर्मचारी स्थायी गर्ने | बैठक पुस्तिका | जना | स्थायी ६ करार/अस्थायी २ | ०/१०० | ४/५ | का.व्य. उसमति | आम्दानी र आवेदनशूल्क | १ लाख |
| १५ | हालको कार्यक्षेत्र रहेका राजापुर न.पा,मधुवन न.पा.र वारवर्दिया न.पा.का सबै वडामा कार्यक्षेत्र विस्तार गर्ने | विनियम | वटा | राजापुर,मधुवन न.पा.र वारवर्दिया न.पा.का सबै वडा | ० | ० | संचालक समिति | आम्दानीबाट | २५हजार |
| १६ | हरेक वर्ष समाजसेवी, वुद्धिजिवी र स्थानिय संघ संस्था संग १ पटक अन्तरक्रिया कार्यक्रम संचालन गर्ने | बैठक पुस्तिका | वटा | १ | १०० | ८ | संचालक समिति | आम्दानीबाट | २४०००० |
| १७ | लगात सहभागितामा सबै सदस्यहरुको विमा गर्ने | विमालेख | जना | १०००० जना | ६० | १०००० | संचालक/ प्र.का.अधिकृत | आम्दानीबाट | ५ लाख |
| १८ | २० जना कर्मचारी लाई लेखा तालिम | प्रमाण पत्र र कार्यसम्पन्न प्रतिवेदन | जना | २ | ५० | | | कर्मचारी बोनसकोष र आम्दानीबाट | ४० हजार |
| | ८ जना लाई ऋण व्यवस्थापन तालिम | | | १ | १०० | | | | ४० हजार |
| | ८ जना लाई पर्ल्स विष्लेषण तालिम | | | २ | ५० | | | | २० हजार |
| | ८ जनालाई व्यवसायिक योजना निर्माण तालिम | | | १ | ० | | | | ४० हजार |
| | २ जनालाई आन्तरिक लेखापरिक्षण तालिम | | | १ | १०० | | | | १० हजार |
| | ८ जनालाई कार्यालय व्यवस्थापन तालिम | | | १ | १०० | | | | २० हजार |
| | ३ जनालाई उच्चस्तरिय तालिम तथा भ्रमण | | | १ | १०० | | | | १ लाख |
| | समिति, उपसमितिका लागि संस्थागत विकास तालिम | | | ३० | | | | | ४ लाख |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | विभिन्न दातृ निकाय संग समन्वय गरी कार्यक्रम संचालन गर्न रु.२ लाख अनुदान माग गर्ने | सम्झौता पत्र | रु | १०००००० | ० | २०००००० | | आम्दानीबाट | २० हजार |
| २० | संस्थामा आवश्यक पर्ने कार्यविधि तयार गर्ने | बैठक पुस्तिका | वटा | २ | ० | ५ | संचालक समिति | आम्दानीबाट | ५० हजार |
| २१ | प्रोवेशन कार्यक्रममा सफल हुने | प्रमाण पत्र | वटा | प्रोवेशन कार्यक्रम पास गर्ने | सहभागिता रहेका | १ | संचालक समिति | आम्दानीबाट | ५ लाख |
| २२ | बार्षिक प्रतिवेदन छपाई गर्ने | बैठक पुस्तिका | वटा | १०००० | १०० | ११००० | संचालक समिति | आम्दानीबाट | ३५०००० |
| २३ | बार्षिक (क्षेत्रिय)साधारण सभा | बैठक पुस्तिका | वटा | १० | १०० | १० | संचालक समिति | आम्दानीबाट | २२ लाख |
| | सम्पन्न गर्ने | | | | | | | | |
| २४ | संचालकहरुको स्वमुल्यांकन र कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन गर्ने | मुल्यांकन फारम | पटक | संचालकको १ पटक र कर्मचारीहरुको १ पटक | ५० | १ | संचालक/ कर्मचारी | आम्दानीबाट | ० |
| २५ | सहकारी दिवस, नारि दिवस र संस्था स्थापना दिवस मनाउने, पर्वविषेश कार्यक्रम अन्तगत तिज, दशैतिहार, माघि, नयाँ वर्षमा शुभकामना आदान प्रदान कार्यक्रम र रक्तदान कार्यक्रम गर्ने । | कार्यसम्पन प्रतिवेदन | वटा | ३ | ३३ | ८ | महिला विकास उपसमिति | आम्दानीबाट | ४ लाख |
| २६ | वार्षिक ७०० पटक लघुवित्तका केन्द्र निरिक्षण | प्रगति प्रतिवेदन | पटक | ७०० | ६७ | १००० | ल.सं.उ. | आम्दानीबाट | ९००० |
| २७ | सेवा केन्द्रहरुको नियमित निरीक्षण गर्ने | प्रगति प्रतिवेदन | पटक | ६ | ८३ | ६ | ल.सं.उ. | आम्दानीबाट | २ लाख |
| २८ | वार्षिक ४ पटक आ.ले.परिक्षण गर्ने | प्रगति प्रतिवेदन | पटक | ४ | १०० | ४ | ले.सु. समिति | आम्दानीबाट | ५० हजार |
| २९ | प्रविधी मैत्री संस्था निर्माण गर्न मोवाई एस.एम.एस., मोवाईल( एप्स) बैंकिङ र संस्थाको आफ्नै सरभर खरिद गरी संचालन गर्ने | प्रगति प्रतिवेदन | प्रतिशत | १०० | ५० | १०० | व्यवस्थापन | आम्दानी | १० लाख |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३० | छात्रबृत्ति कार्यक्रम मार्फत उत्कृष्ट विद्यार्थी छनोट गरि प्रदान गर्ने । नगरपालिकालाई आधार बनाई | प्रगति प्रतिवेदन | जना | २० | ० | २० | संचालक समिति | आम्दानीबाट | १.५ लाख |
| ३१ | समिक्षा कार्यक्रम गर्ने | प्रगति प्रतिवेदन | पटक | २ | १०० | २ | संचालक समिति | आम्दानीबाट | २५ हजार |
| ३२ | लागत सहभागीतामा सहकारी अध्ययन अवलोकन भ्रमण गर्ने | प्रगति प्रतिवेदन | वटा | ४ | २५ | ३ | संचालक समिति | आम्दानीबाट | ५ लाख |
| ३३ | त्रिवर्षीय रणनितिक योजना निर्माण | प्रगति प्रतिवेदन | पटक | १ | १०० | १ | संचालक समिति | आम्दानीबाट | ३ लाख |
| ३४ | वार्षिक लेखा परिक्षण गराउने | ले.प.प्रतिवेदन | पटक | १ | १०० | १ | संचालक समिति | आम्दानीबाट | १ लाख |

त्रिवर्षीय योजना, कार्यक्रम र लक्ष्यमा संशोधन

| क्र.सं. | प्रगतिको लागि कार्य | कार्य सम्पादन मापन | एकाई | आ.व.२०७६।०७७ | | लक्ष्य (थप गर्ने) | जिम्मेवरी | बजेट (बार्षिक) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य (थप गर्ने) | थप भएको (प्रगति प्रतिशत | २०७७०७८ | | श्रोत | रकम |
| १ | भाखा नाघेको ऋण ५% मा झार्ने | पर्ल्स विष्लेषण | ५ | ५ | ० | ५ | संचालक/ कर्मचारी | आम्दानीबाट | १ लाख |
| २ | शेयर पूंजी रु.१,००,००,०००।- थप गर्ने | ले.प. प्रतिवेदन | रु. | १६०००००० | ६६ | १,००,००,००० | संचालक/ कर्मचारी | शेयर सदस्यबाट | ० |
| ३ | संस्थागत पूंजी वृद्धि गरी रु. १,००,००,०००।०० बृद्धि गर्ने | ले.प. प्रतिवेदन | रु. | ९०००००० | ७८ | १,००,००,००० | संचालक/ कर्मचारी | नाफाबाट | ० |
| ४ | बचत वृद्धि कार्यक्रम संचालन गरी रु.१२,००,००,०००। बृद्धि गर्ने | ले.प. प्रतिवेदन | रु. | ८००००००० | ७५ | १२,००,००,००० | संचालक/ कर्मचारी | शेयर सदस्यबाट | ० |
| ५ | वाह्य ऋण ३ करोड बृद्धि गर्ने | ले.प. प्रतिवेदन | रु. | ७००००००० | ० | ३००००००० | संचालक/ कर्मचारी | दातृ वित्तीय संघसंस्था | १ लाख |
| ६ | तरलता व्यवस्थानलाई अझ व्यवस्थीत गर्ने | ले.प. प्रतिवेदन | रु. | १००००००० | १६० | (२००००००० | संचालक/ कर्मचारी | आम्दानीबाट | |
| ७ | लगानीमा रहेको रकममा रु १५,००,००,०००। बृद्धि गर्ने | ले.प. प्रतिवेदन | रु. | ८०००००० | ३५ | १५,००,००,००० | संचालक/ कर्मचारी | शेयर सदस्यबाट | ० |
| ८ | कुल आम्दानी रु.७,५०,००,०००।- गर्ने | ले.प.प्रतिवेदन | रु. | ९१८१३७५० | ६५ | | संचालक/ कर्मचारी | ऋण लगानीबाट | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | संस्थाको सेवा केन्द्रहरुका लागि ११ वटा घडेरी खरिद गर्ने । | बैठक पुस्तिका | वटा | पाताभार र ढोढरीमा | ० | पाताभार, ढोढरी र भुरिगाउं | संचालक | घरजग्गा र जगेडाकोष बाट | ७५ लाख |
| १० | संस्थाका सेवाकेन्द्रले छनोट गरेका ११ वटा वडाहरुमा सदस्य सन्तुष्टि तथा सर्वेक्षण गर्ने | सर्वेक्षण फारम र कार्यसम्पन्न प्रतिवेदन | बटा | संस्थाका कार्यलय भएका वडाहरु (५ वडा) | ० | संस्थाका कार्यलय भएका वडाहरु (५ वडा) | कर्मचारी | आम्दानीबाट | ७५ हजार |
| ११ | सदस्य राहतका कार्यक्रम संचालनलाई व्यवस्थीत गर्न सदस्य शिक्षा संग जोडि प्रभावकारी रुपमा संचालन गर्ने । | राहत निति | LS | संस्थाको सबै केन्द्रहरु बाटै छिटो छरितो वितरण गर्ने र सहभागि हूने | ठिकै | संस्थाको सबै सेवा केन्द्रहरु बाटै छिटो छरितो वितरण गर्ने र सहभागि हुने | संचालक/ कर्मचारी | राहतकोष बाचतबाट | १ लाख |
| १२ | ४ हजार जना लाई सहकारी शिक्षा प्रदान गर्ने । | कार्य सम्पन्न प्रतिवेदन | जना | ७००० | १० | ४००० | शिक्षा उपसमिति र प्र.का. अधिकृत | शिक्षाकोष | ४ लाख |
| | ५०० जना सदस्य लाई सिपमूलक तालिम दिन | | | ४०० | ० | ५०० | | | २ लाख |
| १३ | ३८०० सय सदस्य थप गर्ने | प्रगति प्रतिवेदन | जना | १३५० | ७५३ | ३८०० | संचालक/ कर्मचारी | शिक्षाकोष | १ लाख |

अन्तमा, हामी शेयर सदस्य नै संस्थाका मेरुदण्ड हौं । सदस्यको सक्रियता र निस्वार्थ सहभागिता विना संस्थाले ठोस उपलब्धि हाँसिल गर्न नसक्ने सबैलाई विदितै छ । यस संस्थाले २४ औं वर्ष पार गरिसकेको छ । संस्थालाई उचाई सम्म पुऱ्यान हामी सबै शेयर सदस्य एक जुट भएर लाग्नुको विकल्प छैन् । यसै गरी संस्थाका कार्यक्रमहरुमा सहभागि भई संस्थालाई अझ उचाईसम्म पुऱ्याउन सबैको सहयोग र साथ रहने छ, भन्ने आशा लिएको छु । यसै गरी कार्यक्रम सफल पार्न सहयोग गर्नुहुने सबैमा हार्दिक आभार व्यक्त गर्दै विदा हुन्छु । हस्त धन्यवाद ।

जय सहकारी ॥

“मेरो विश्वास मेरो विश्वाशिलो”

## आ.व. २०७६/०७७ को यथार्थ र आ.व. २०७७/०७८ को तथा अनुमानित बजेट

**शिशु शाह : कोषाध्यक्ष**

यस २५ औं वार्षिक साधारण सभाका सभापति ज्यू, प्रमुख अतिथि ज्यू, तथा अन्य संघ संस्थाबाट पाल्नु भएका अतिथि ज्यू, संचालक समितिका सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समिति, अन्य उपसमितिका पदाधिकारीज्यूहरु, संस्थाका कर्मचारीहरु तथा सम्पुर्ण सदस्य ज्यूहरु सबै लाई मेरो सहकारी अभिवादन ।

आज हामी यस संस्थाको २५ औं वार्षिक साधारण सभामा उपस्थित भएका छौं । यस संस्था २५ औं वर्ष पार गरी २६ औं वर्षमा पाइला टेकी सकेको छ । अहिले हाम्रो संस्थामा १२०६२ जना शयेर सदस्य छन् । वर्ष भरीमा संस्थाको कुल वासलात रु.४३,०१,१७,५७९।- को कारोवार गरि कर कटाई रु.१,०७,३५,९७०।- नाफा गर्न सफल भएको छ । यहाँहरुको यस्तै सहयोग र योगदान रहि रहदा संस्था दिनानुदिन प्रगतिको बाटोमा अगाडि जानेछ र बढि भन्दा बढि नाफा गरि सदस्यहरुलाई प्रतिफल दिन संस्था सफल हुनेछ । आर्थिक, सामाजिक र साँस्कृतिक चेतनाको कमीले रुमलिएको हाम्रो समाज लाई यस क्षेत्रको एक आर्थिक धरोहर यस विश्वाशिलो बचत तथा ऋण सहकारी संस्था लि. ले सहकारी शिक्षाद्धारा जिवन पद्धती आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरण गरी अघि बढ्दै आएको छ र भविष्यमा यसै गरी सदस्यहरुले सहयोग र विश्वास गरेमा सहकारी र सदस्यको प्रगति हुने विश्वास लिएको छु । आगामि वर्षको लागि  सहकारी तर्फको अनुमानित आय-व्यय विवरण तथा वासलात तपसिल बमोजिम पेश गरेको छु ।

### त्रिवर्षिय योजना वमोजिम प्रस्तावित अनुमानित वासलातको संसोधन

| दायित्व | आ.व.२०७६।७७ को | | आ.व.२०७७।७८ को |
|---|---|---|---|
| | प्रस्तावित | यथार्थ | अनुमानित |
| शेयर हिसाब | ६१७५०००० | ४९६८१००० | ५७५००००० |
| जगेडा कोष | ३२०००००० | ३०७६४७८३।७३ | ३२०००००० |
| अन्य कोष | १२०००००० | ११३७६०३९।८ | १२०००००० |
| कर्जा सूरक्षण कोष | १०००००००० | १२९५२३८६।३ | १०००००००० |
| बचत बांकि | ४५२५०००००० | ३०१३८८५७७।३ | ४१७५०००००० |
| तिर्न बांकि ऋण | ३५०००००० | ६६३३३२९ | २५०००००० |
| भूक्तानी दिन बांकि | १०००००००० | १०२६५९९१।७९ | १०००००००० |
| अन्य दायीत्व बांकि | ६००००००० | ७०५५४७२ | ६००००००० |
| कूल दायित्व | ६१९२५००००० | ४३०११७५८० | ५७००००००० |

| सम्पति | प्रस्तावित | यथार्थ | अनुमानित |
|---|---|---|---|
| नगद मौज्दात | २५००००० | ३६०७३३७२६ | २५००००० |
| बैंक मौजदात | ६६५००००० | ८०६३१६२७३७ | ६५०००००० |
| लगानी हिसाब | ५०००००० | १०६१५०० | २०००००० |
| ऋण बांकि (ल.र.र) | ५१२५००००० | ३२८४६९३०३।५ | ४७५०००००० |
| पाउनू पर्ने | १६२००००० | ६५७०२२४।३७ | ५०००००० |
| सम्पति समान | १६३५०००० | ९२८६५०६।१३३ | २०००००० |
| अन्य सम्पत्ति समान | २००००० | ४९१०८१ | ५००००० |
| कूल सम्पत्ति | ६१९२५०००० | ४३०११७५८० | ५७०००००००० |

| श्री विश्वाशिलो बचत तथा ऋण सहकारी संस्था लि. | | | |
|---|---|---|---|
| त्रिवर्षी योजना वमोजिमको प्रतावित अनुमानीत आम्दानी खर्चको संशोधन | | | |
| रणनीतिक क्रियाकलाप | आ.व.२०७७०७८ | | आगामि अनुमानित |
| वित्तीय आम्दानी | प्रस्तावित | यर्थाथ | आ.व.२०७६।०७७ |
| क) ऋणबाट प्राप्त आम्दानी | | | |
| ०१. ऋणवाट प्राप्त व्याज | ८१३३५००० | ५२६२८३८९ | ६६५००००० |
| ०२. मसलन्द शुल्क | ५७९८७५० | २८९९३४० | ३८३०००० |
| जम्मा | ८७१३३७५० | ५५५२७७२९ | ७०३३०००० |
| बैंक (तरल लगानी)बाट प्राप्त | ४०६०००० | ३३६६२०७ | ३७००००० |
| वित्तीय लगानीबाट प्राप्त | १५०००० | १००३९१ | १५०००० |
| अन्य लगानीबाट प्राप्त | ० | ० | ० |
| जम्मा | ४२१०००० | ३४६६५९८ | ३८५०००० |
| ख) गैरवित्तीय आम्दानी | | | |
| ०१ प्रवेश शुल्क | | | |
| ०४ आवेदन शुल्क | १०००० | ३००० | १०००० |
| ०५ पासवुक /प्रमाण पत्र | १०००० | ८९९० | १०००० |
| ०६ रेमिट कमिसन | ४००००० | १४१७१८ | २००००० |
| ०७ दृष्टिवन्धक | ५०००० | २७००० | ० |
| जम्मा | ४७०००० | १८०७०८ | २२०००० |
| कुल जम्मा | ९१८१३७५० | ५९१७५०३५ | ७४४००००० |
| खर्च विवरण | | | |
| १. सञ्चालन खर्च | | | |
| यातायात तथा दैनिक भ्र.भत्ता | ३९३००० | ३३६५२१ | ३१३८०० |
| तलब खर्च | १३५२३०२८ | १२३९८१४३ | १४५००००० |
| घरभाडा | ६८२८०० | ६६३८४२ | ७५०८१६ |
| मसलन्द खर्च | ५४८४०० | ५९७१६६ | ६००००० |
| मर्मत | १०६८०० | ७४३८७ | ११७६०० |
| ह्रास कट्टि | ७९५००० | ९२८३३७ | ९२५००० |
| संचार खर्च | ६८४०० | ७४३२७ | ६१२०० |
| इनधन | ६६००० | ६६०३० | ७०८०० |
| विद्यूत खर्च | १३०२०० | ७४१८६ | १००२०० |
| जम्मा संचालन खर्च | १६३१३६२८ | १५२१२९३९ | १७४३९४१६ |
| २. अन्य संचालन खर्च | | ० | |
| अतिथि सत्कार | ७४४०० | १२२९९४ | १११००० |
| आन्तरिक ले.परिक्षण | ३०००० | १२५२० | ४२००० |
| बाह्य लेखापरिक्षण | ७५००० | ७५००० | ८०००० |
| तालिम, गोष्ठिमा सहभागिता | २२८००० | १५२४४० | २७०००० |
| झोला, छाता, रेनकोट | १०५००० | २७१०० | ० |
| बैक चार्ज र बाहय ऋणमा सेवा शूल्क | २७२८०० | २८२३० | ३००००० |
| पत्रिका | ३५४०० | ७८८० | ३१२०० |
| व्यवस्थापन (मेस संचालन) | ८०४०० | ४५६६५ | ९१२०० |
| सदस्यता नविकरण | ५०००० | ४८०३० | ६०००० |
| विज्ञापन तथा शुभकामना | ९००० | ० | २९००० |

| | | | |
|---|---|---|---|
| ऋण असुली खर्च | १६४००० | ८४५१४ | १७२००० |
| धितो मुल्यांकन | १४४००० | १०७१८ | ६७२०० |
| निरिक्षण अनूगमन खर्च | ६०००० | १२९४० | ७५६०० |
| स्थीर सम्पत्ति तथा नगद विमा खर्च | ६८२०० | ९२६०९ | १००००० |
| इन्टरनेट तथा नेटवर्किङ | १५६००० | १४८९०८ | १९२००० |
| सफ्टवयर संचालन | २५८००० | ३५१८०९ | २७२००० |
| वार्षिक क्यालेण्डर | ३३२५०० | ० | २७५००० |
| सदस्यको दुर्घटना विमा कार्यक्रम | ५००००० | ३०४९०० | ७४२५०० |
| मोवाइल बैकिंग, एस.एम.एस. | ५००००० | ० | ३९२००० |
| बैठक भत्ता र संचार खर्च | १५१३०८२ | ९१२९०० | १०६८९४५ |
| सुत्करी सुविधा | ४०००० | १६७१५ | ७०००० |
| मायाको चियो खर्च | १००००० | ० | |
| खातान्दीमा चियाखाजा | ६०००० | ५८७० | ४४००० |
| छात्रबृत्ति कार्यक्रम(सवोउत्कृष्ट) | ६४००० | ० | १५०००० |
| सदस्य सर्वेक्षण खर्च | ३२००० | ० | ७५००० |
| विविध (भैरिआउने) खर्च | १२१००० | ५२३०५ | ६०००० |
| **जम्मा अन्य संचालन खर्च** | **५०७२७८२** | **२५१४०४७** | **४७७०६४५** |
| **कुल संचालन खर्च** | **२१३८६४१०** | **१७७२६९८६** | **२२२१००६१** |
| **३. कार्यक्रमिक खर्च** | | | |
| समिक्षा गोष्ठि | १७५००० | ० | ३११००० |
| वार्षिक साधारण सभा | ३९७४८०० | ३११५७०७ | ३७१८००० |
| एकिकरण | २४९४०७१ | २८२४९० | १५०००० |
| स्थास्थ्य शिवीर (सहकारी दिवस) | १००००० | ० | १४५००० |
| रक्तदान | ५०००० | ० | १५००० |
| पर्वविषेश शुभकामना आदान प्रदान | ३५०००० | ४७८७० | ३६०००० |
| संस्था स्थापना दिवस | १००००० | ० | १००००० |
| योजना तर्जुमा | ८१३२० | ० | ३१९००० |
| संचालकहरु लाई तालिम | १२५००० | ५०००० | ३९०००० |
| सहकारी अवलोकन भ्रमण | ५८०००० | २१९५० | ५४५००० |
| **जम्मा कार्यक्रम संचालन खर्च** | **८०३०१९१** | **३५१८०१७** | **६०५३०००** |
| **कुल जम्मा** | **२९४१६६०१** | **२१२४५००३** | **२८२६३०६१** |
| **४. वित्तीय खर्च :** | | | |
| ऋण सुरक्षण | २१५०००० | ० | ० |
| अपलेखन | | | ० |
| बचतको व्याज | २२२७२००० | २३८४४०४१ | २५०५०००० |
| वहृय ऋणको व्याज | ६०७५००० | १६६०६८० | ५००००० |
| **जम्मा** | **३०४९७०००** | **२५५०४७२२** | **२५५५००००** |
| **जम्मा खर्च** | **५९९१३६०१** | **४६७४९७२५** | **५३८१३०६१** |
| **खुद वचत** | **३१९००१४९** | **१२४२५३११** | **२०५८६९३९** |
| **कर्मचारी बोनसकोष** | **२९०००१४** | **११२९५७४** | **१८७१५४०** |
| **आयकर व्यवस्था** | **१४५०००७** | **५६४७८७** | **९३५७७०** |
| **कर पछिको खुद आम्दानी** | **२७५५०१२९** | **१०७३०९५०** | **१७७७९६२९** |
| **कर पछिको खुद आम्दानी** | **१२** | **७** | **११** |

**बचत सम्बन्धी आगामी अनुमानित विवरण**

| विवरण | प्रास्तावित | यर्थाथ | अनुमानित |
|---|---|---|---|
| नियमित बचत/समूह | १९३५००००० | १५९९७५२१।३ | २०२०००००० |
| कारोवार बचत/व्यक्तिगत | १४२५५०००० | ७०१७८९६४।६६ | १०१२५०००० |
| आवधिक | १२९०००००० | ७०८१२६८।०८५ | १३०००००० |
| नाबालक/शिक्षा, पेन्सन | ६१२५०००० | १४४०६४०७५१ | ५८७५०००० |
| दैनिक | १५३५०००० | ९३७१००८।३३४ | १४९५०००० |
| सामूहिक/उपकार | ६७५०००० | ४४५४१७९।४९ | ६३५०००० |
| राहत | ५४५०००० | २३२३८९९।८२१ | ६१००००० |

| | | | |
|---|---|---|---|
| अन्य/केन्द्रकोष | १४७५०००० | ३३५९७६३७१४ | १५१००००० |
| जम्मा बचत | ४५२५००००० | ३०१३८८५७७३ | ४१७५००००० |
| **ऋण सम्बन्धी विवरण** | | | |
| विवरण | प्रास्तावित | यर्थाथ | अनुमानित |
| कृषी तथा पशूपालन | १२६८७५००० | १२४३३७१६९।५ | १५३२५०००० |
| व्यापारिक तथा ओद्योगिक | १२६८७५००० | १३४८७०५२७।७ | १६०२५०००० |
| शैक्षिक | २०३००००० | ६९४५६०१ | १०४००००० |
| घरजग्गा | १२६८७५००० | ४१०८२८३४।३४ | ७४७५०००० |
| बैदेशिक रोजगार तथा शिक्षा | ५०७५०००० | ८८८६४८७ | २७५००००० |
| हायर पर्चेज | २५३७५००० | २८३१७४४ | १३१५०००० |
| आकस्मिक | ५०७५००० | ४२५२१०८ | १२२५०००० |
| वायोग्यांस | ५०७५००० | ० | २७५०००० |
| खरखांचो | २०३००००० | ५२६२८३२ | १०७००००० |
| कोभिड | ० | ० | १००००००० |
| जम्मा ऋण | ५०७५००००० | ३२८४६९३०३।५ | ४७५०००००० |

| आ.व. २०७७।०७८ को अनुमानित लक्ष्य | | | | | |
|---|---|---|---|---|---|
| **बार्षिक कार्य विवरण** | **ईकाइ** | **०७५।७६ मा प्रस्तावित** | **२०७६।०७७ को** | | |
| **क) सेवाविस्तार तर्फ** | | | **यर्थाथ** | **प्रगति** | **अनुमानित** |
| केन्द संख्या (सदस्य समुह) | वटा | ३६८ | ३३७ | ७५.२ | ३५३ |
| सदस्य संख्या | जना | १३८०० | १२१६३ | ६०.९७ | १५९८२ |
| ऋणी संख्या | जना | ८१२५ | ६२९१ | ४२.२७ | ७३०५ |
| सदूगयोगीता जांच | जना | २५०० | ४३७ | १७.४८ | २२०० |
| कर्मचारी मासिक बैठक | पटक | १२ | ८ | ६६.६७ | १२ |
| शेयर | पटक | ६१७५०००० | ४९६८१००० | ४६.३२ | ५७५००००० |
| ल.र.र. | पटक | ५१२५००००० | ३२८४६९३०४ | १३.२४ | ४७५०००००० |
| बचत | पटक | ४५२५००००० | ३०१३८८५७७ | २८.५२ | ४१७५००००० |
| बाहृय ऋण | रु. | ५७४५०००० | ६६३३३२९ | (५२।७९ | ० |
| कर्मचारी दरबन्दी | **जना** | ४२ | ४० | ० | ४३ |
| **ख) आम्दानि खर्चको विवरण** | | | | | |
| **१) आम्दानी तर्फ** | | | | | |
| ऋण लगानीबाट व्याज आम्दानी | रु. | ८१३३५००० | ५२६२८३८९ | ६४.७ | ६६५००००० |
| बैकबाट व्याज आम्दानी | रु. | ४०६०००० | ३३६६२०७ | ८२.९१ | ३७००००० |
| विविध आम्दानी | रु. | ६४१८७५० | **३१८०४३९** | ४९.५५ | ४२००००० |
| **जम्मा** | रु. | **९१८१३७५०** | **५९१७५०३५।०८** | **६४.४५** | **७४४०००००** |
| **२) खर्च तर्फ** | | | | | |
| **बितिय खर्च** | रु. | **४३००००००** | **२५५०४७२१।५** | **५९.३१** | **२५५५००००** |
| बचतमा ब्याज खर्च | रु. | ३९७७५००० | २३८४४०४१ | ५९.९५ | २५०५०००० |
| ऋणमा ब्याज खर्च | रु. | ३२२५००० | १६६०६८० | ५१.४९ | ५००००० |
| **प्रशासनिक खर्च** | | | | | |
| कर्मचारी खर्च | रु. | १३५२३०२८ | १२३९८१४३ | ९१.६८ | १४५००००० |
| संचालन खर्च | रु. | ७८६३३८२ | ५३२८८४३ | ६७.७७ | ७७१००६१ |
| कार्यक्रमीक खर्च | रु. | ८०३०१९१ | ३५१८०१७ | ४३.८१ | ६०५३००० |
| **जम्मा** | रु. | **२९४१६६०१** | **२१२४५००३** | **७२.२१** | **२८२६३०६१** |
| **३) कुल बचत वा नाफा** | रु. | १९३९७१४९ | १२४२५३११ | ६४.०५ | २०५८६९३९ |
| **४) अन्य ब्यबस्था** | | | | | ० |
| जोखिम व्यवस्था खर्च | रु. | २१५०००० | ० | ० | ० |
| ह्रासकट्टी खर्च | रु. | ७९५००० | **९२८३३७** | १.१६ | ९२५००० |
| **५) कर अधिको नाफा** | रु. | **१६४५२१४९** | **११४९६९७३** | ६९.८८ | **१९६६१९३९** |

## आगमि आ.व.२०७७।०८७ लक्ष्य प्रातिका लागि लागु गरिने रणनीतिहरु

१. बजेटमा व्यवस्था भएको शिर्षकमा खर्च गर्दा १० प्रतिशत सम्म शिर्षक मिलान गरि रकमान्तर गर्न सकिने छ ।

२. फोन बुकको व्यवस्था गरि कलडिटेल राख्ने र जरिवाना नपर्ने गरि शुल्क भुक्तानी गर्ने ।

३. तोकिएको कार्यक्रमको लक्ष्यमा पुऱ्याउन सेवाकेन्द्रले प्रत्येक कार्यको कार्ययोजना बनाउने ।

४. तोकिएको लक्ष्यलाई कर्मचारी गत रुपमा विभाजन गर्ने र मासिक रुपमा सम्बन्धी कर्मचारीले भए प्रगति पेश गर्ने ।

५. तोएिको लक्ष्य पुरा नभएमा पुरा हुन बांकि लक्ष्य कर्मचारीगत रुपमा विष्लेषण गरि पुरा हुन बांकि लक्ष्यलाई कर्मचारीको कार्यसम्पादन मूल्यांकनमा तुलना गरि सोहि दरमा मूल्यांकन अंक घटाईने छ ।

६. भाखा नाघेको ऋण असूली गर्न संस्थाको ऋण नितिको प्रकृया अवलम्बन गर्ने, मासिक रुपमा कर्मचारीहरुको संयुक्त टोली ताकेतामा जाने, ऋण निति बमोजिम असुल हुन नसकेका ऋणीहरुको धितो लिलाम प्रकृया पनि अगाडि बढाइ असुल गरिने छ ।

७. सहकारी तर्फको ऋणको सिमा बृद्धि गरि रु ५० लाखसम्म लगानी गर्नका लागि ऋण निति शंसोधन गरि साधारण सभामा पेश गरिएको छ । लघुवित्त कार्यक्रममा सहभागी सदस्यहरुलाई आयस्रोत हेरी विना धितो २ लाखसम्म र ५ लाखसम्म ऋण निति बमोजिम लगानी गर्ने गरि केन्द्र बैठकमै ऋण माग गर्ने गरि धितो कर्जाको व्यवस्थाका लागि साधारण सभा समक्ष अनुरोध छ ।

८. बजारको व्याजदर विष्लेषण गरि सन्दर्भ व्याजको मापदण्डमा रहि व्याजदर घटाई ऋण लगानीलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइएको छ।

९. दैनिक बचत धितो ऋण लगानी गर्दा भरपर्दे जमानी राख्ने र दैनिक बचत संकलकले अनिवार्य किस्ता उठाउने प्रतिवद्धता लिई दैनिक बचत संकलकलाई जिम्मेवार बनाउने प्रयास गरिनेछ ।

१०. सुचना प्रबिधिलाई आत्मासाथ गर्दै छिट्टै मोवाईल एप्स तथा मोवाईल कलेन्सन सिस्टमको अवलम्बन गरि एक जना फिल्ड सहायकलाइ मासिक न्यूनतम ४५ वटा केन्द्र बैठक संचालन गर्ने जिम्मेवारी दिईने छ।

११. सदस्यको सूविधालाई ध्यान राखि सबै सेवाकेन्द्रबाट तत्काल रेमिटान्स कार्यक्रम संचालन गरिने छ र रु.२० हजार भन्दा माथिको भुक्तानीमा शेयर सदस्य बन्न लगाईने छ ।

१२. ऋृण लगानी पूर्व अनुगमन पेश भएमा मात्र ऋृण स्विकृत गर्ने र ऋृण लगानी पश्चातको अनुमन प्रतिवेदन आगामि बैठकमा पेश भएमा मात्र बैठक अगाडी बढाउने । यसै गरि लघुवित्त तर्फको व्यवसायीक कर्जा साधारण ऋृणको माग पेश गर्दा अनिवार्य फिल्ड कर्मचारीले निरिक्षण गरेको प्रतिवेदन भएमा मात्र ऋृण स्विकृत गर्ने र अघिल्लो बैठकमा लगानी भएका ऋृणहरुको उपयोगिता प्रतिवेदन पेश भएको खण्डमा मात्र केन्द्रबाट भएका कृयाकलाप हरहिसाब कार्यालयमा स्विकृत हुने व्यवस्था मिलाउन मुख्य जिम्मेवारी ऋृण अधिकृतलाई दिई कडाईका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

१३. मानव संशाधन निति पुन: लेखन गरि संस्थामा कार्यरत कर्मचारीहरुलाई श्रम ऐन बमोजिमका न्युनतम सेवा सुविधा उपलब्ध गराईने छ । यस गरि संस्थाका सेवाकेन्द्रहरुमा भएका गरेका क्रियाकलापलाई आधार मानि यस आ.व.मा कुनै सेवाकेन्द्र घाटा संचालन हुने स्थिति सृजना हुने देखिएमा खर्चहरु कटौती गरि नाफामा लैजाने प्रयास गरिने छ ।

अन्तमा प्रस्तावित बजेट तथा कार्यक्रमको सफलतापूर्वक कार्यान्वयनकालागि यहाँ सदस्यज्यूहरुको सक्रिय तयार पर्ने पेशगर्ने सहभागिताको अपेक्षा राख्दै व्यक्तिगत महत्वकांक्षा भन्दा माथि उठि संस्थागत विकासमा एक ढिक्का हुनु हुनेछ भन्ने विश्वासका साथ प्रस्तावित बजेटमाथि बृहत छलफलगरी सर्व सहमत रुपले पारित गरिदिनु हुनु हार्दिक अनुरोध गर्दै विदा हुन चाहन्छु । धन्यवाद ।

जय सहकारी ॥

# लेखा सुपरिवेक्षण समितिको
# बार्षिक प्रतिवेदन आ.व. २०७६/०७७

चित्र प्रसाद खनाल
लेखा सुपरीवेक्षण समिति,
संयोजक

२५ औं बार्षिक साधारण सभाका अध्यक्ष ज्यू, यस सभाका प्रमुख अतिथि ज्यू, विभिन्न कार्यालय, संघ संस्थाबाट पाल्नुभएका अतिथि ज्यूहरु संस्थाका मेरुदण्ड आदरणीय शेयर सदस्यज्यूहरु, केन्द्रिय प्रतिनिधि ज्यू, सञ्चालक समितिका मित्रहरु लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु पत्रकार, सुरक्षा कर्मी, संस्थाका सम्पूर्ण कर्मचारी वर्ग र शुभचिन्तक महानुभावहरुमा संस्था र मेरो व्यक्तिगत हार्दिक स्वागत एवं सहकारी अभिवादन ।

यस बर्षको विश्वव्यापी रुपमा फैलिरहेको कोरोना को महामारीले विश्व अर्थतन्त्रका साथसाथै नेपालको अर्थतन्त्रलाई समेत प्रभावित गरी जनजिवन नै अस्तव्यस्त बनाएको सवैमा सर्वविदितै छ । यसबाट हाम्रो संस्था पनि अछुतो रहन सकेन । यस किसिमको विषम परिस्थितीमा नेपाल बन्दाबन्दीको समयमा पनि संस्थाले कर्मचारीहरुलाई परिचालन गरी सम्बन्धित कर्मचारीहरुको घरबाट वित्तीय सेवा दिइएको थियो भने अत्याबश्यक अवस्थामा सदस्यहरुकै घरदैलोमा गई संस्थाबाट दिइने सेवा सुविधा दिनबाट संस्था पछि नपरेको जानकारी गराउन चाहन्छु । यस गरिमामय साधारण सभा समक्ष लेखा सुपरिवेक्षण समितिको तर्फवाट आ.व. २०७६/०७७ को आन्तरीक लेखापरिक्षण प्रतिवेदन पेश गर्न गईरहेको अनुरोध गर्न चाहन्छु ।

**क) अघिल्लो साधारण सभाको निर्णय कार्यान्वयनको अबस्था:–**

२४ औ बार्षिक साधारण सभाले पारित गरेका निर्णयहरु कोभिड १९ को भयाबह अवस्थामा पनी संस्थाले अधिकांश निर्णयहरु कार्यान्वयन गरी पुरा भई सकेका र केहि पुरा हुन नसकेका निर्णयहरु मात्र यहाँ प्रस्तुत गरिएको छ ।

१) कर्जा सदुपयोगिता जाँच पूर्णरुपमा हुन नसकेको ।
२) भाखा नाघेको ऋण ५ प्रतिशतमा झार्ने भनेकोमा पुराहुन नसकेको ।
३) कार्यक्षेत्र विस्तारको लागि प्रकृया अगाडी बढेको तर पुरा हुन नसकेको ।
४) ऋणको विमा गर्न नसकेको ।

५) अन्य सेवा केन्द्रमा घडेरी खरिद गर्न नसकिएको ।

६) विनियम संसोधन प्रकृयाको सुरुवात मात्र भएको तर पुरा हुन नसकेको ।

७) लकडाउनको कारणले २०७७ सालको क्यालेण्डर अन्तिम तयारीमा पुगेर पनी छपाई गर्न नसकिएको ।

८) शेयर लाभांस वितरणमा यस वर्ष सबै रकम साधारण सभाको निर्णय बमोजिम नभइ सबै रकम बचतमा थपिएको देखिन्छ । शेयरको मापदण्ड पुरा भै सकेकोले यसो गर्दा पनी संस्थाका सुचकहरु पुरागर्न सजीलो भएको छ ।

९) प्रोवशन कार्यक्रम सफल बनाउन नसकिएको ।

१०) लकडाउनको कारणले यस वर्ष योजना अनुसार सहकारी शिक्षा र सिपमुलक तालिम सञ्चालन गर्न नसकिएको ।

११) सञ्चालक हरुको स्व मुल्यांकन गर्न नसकिएको ।

१२) लकडाउनको कारणले यस वर्ष सदस्य सर्वेक्षण गर्न नसकिएको ।

१३) आ.व. ०७६/०७७ को बजेट विश्लेषण यस प्रकार रहेको छ ।

| क्र.स | विवरण | थप्ने योजना | यर्थात थपिएको | उपलब्धी % |
|---|---|---|---|---|
| १ | शेयर पुजी | २,२४,८७,३०० | १,०४,१८,३०० | ४६ |
| २ | बचत | २१,१४,३०,५९६ | ६,०६,१८,९९६ | २९ |
| ३ | बाह्यऋण | १०,८०,७३४ | -१,७८,९६,५०६ | -१६५ |
| ४ | तरलता | १,८५,२९,३६२ | ३,४१,१४,०५० | १८४ |
| ५ | ल.र.र | २१,२१,१३,७०७ | २,८१,०६,३११ | १३ |
| ६ | आम्दानी ब्याज<br>विविध | ९,६३,३५,०००<br>१,०४,७८,७५० | ५,२६,२६,३८९<br>६५,४६,६४६ | ६५<br>६६ |
| ७ | ब्याज खर्च बचतमा<br>ऋणमा प्रशासनिक<br>(जोखिम सहित) | ३,९७,७५,०००<br>३२,२५,०००<br>३,२३,६१,६०० | २,३८,४४,०४१<br>१६,६०,६८०<br>२,१२,४५,००३ | ६०<br>४४<br>७२ |

ख) आ.व. ०७६।०७७ मा यस सन्चालक समितिका १२ वटा वैठक बसि विभिन्न संस्थागत हितका निर्णयहरु गरी कार्यान्वयन भएको तर तपसिल बमोजिमका निर्णयहरु कार्यान्वयन नभएको पाइयो ।

१) भाखा नाघेको ऋण असुलिमा निति बमोजिम कारवाही गरि असुलि गर्न नसकेको ।

२) मोबाईल बैंकिङ तथा एस.एम.एस सेवा लागु गर्ने भनेकोमा प्रकृया मात्र अगाडी बढेको ।

३) निती कार्यविधीहरु संसोधन गर्ने प्रकृया अगाडी बढेको पुर्ण हुन बाँकि रहेको ।

४) मिति २०७६।१२।९ को बैठकमा ऋणको भाखा नघाउने सञ्चालकलाई बैठकमा उपस्थित नगराउने निर्णय भएकोमा सञ्चालक समिति बाटै निर्णयको पालना नभएको ।

ग) ऋण लगानिको प्रक्रिया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धि व्यवस्था ऋण लगानिको प्रक्रिया ऋणनिति २०७४ बमोजिम भइ रहेको र सुरक्षण सम्वन्धमा तपसिल बमोजिमको प्रक्रिया रहेको छ ।

**अ .सदस्यले दिने सुरक्षण**

१ आफनो बचत धितो

२ समुह तथा कार्यालयको बचत धितो

३ अन्य सदस्य समितिको बचत धितो

४ जग्गा धितो

**आ. संस्थागत सुरक्षण:** संस्थाले लगानि गरेको सुरक्षणका लागि तपशिल बमोजिमको व्यवस्था गरिएको छ ।

१. असल ऋणको लागि व्यवस्था १ प्रतिशत

२. १ वर्ष भित्र भाका नाघेको ऋण ३५ प्रतिशत

३. १ वर्ष भन्दा वढि भाका नाघेको ऋण १०० प्रतिशत

४. सहकारी विभागबाट जारी भएका मापदण्डहरुको पालना सम्बन्धि विवरण : सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना संस्थाले राम्रोसंग गरेको पाईयो ।

५. यस वर्ष नेफ्सकुनबाट प्रोबेशन कार्यक्रम अर्न्तगत २ पटक निरीक्षण भएको पाईयो ।

६. पदाधिकारीहरुको पारीश्रमिक भत्ता र अन्य सुबिधाको विवरण :

६.१ पारीश्रमिक

६.२ भत्ता स. समिति प्रतिबैठक रु.१००० बढिमा बर्षमा १५ बैठक
ले.स समिती संयोजक प्रति बैठक रु १०००, सदस्य ७५० उ.स प्रति
बैठक संयोजक १०००, सदस्य ७५०

६.३ संचार – अध्यक्ष ४५०० पदाधिकारी मासिक २५०० सदस्य २०००

७) कर्मचारी प्रशासन :–

७.१ कर्मचारी निति भएको ।

७.२ कर्मचारी प्रशासन निति भएको र प्रयोगमा आईरहेको ।

७.३ भर्ना प्रक्रिया र पारदर्शिता कायम रहेको ।

७.४ कर्मचारीको कार्यबोझ पुरा हुन नसकेको ।

७.५ हालको व्यवस्थापन प्रमुखको योग्यता र तलब सुविधा
योग्यता= बि बि एस अनुभव = १५ बर्ष
मासिक तलब स्केल = रु.३३६६०।–

७.६ कर्मचारीको सख्या जम्मा: ४०
स्थायी :–२० करार तथा अस्थाई :–२०

८) लेखा समितिले दिइएका सुझाव कार्यान्वयनको अवस्था
क. कर्मचारी सरुवा निति बनाउने भनेकोमा बनाइ नसकेको ।
ख.व्यापारी छुट सम्बन्धि कार्य विधि बनाउन बाकि ।
ग. अवलोकन भ्रमण सम्वन्धि कार्य विधि बनाउन बांकि ।
घ) सेवा केन्द्रगत रुपमा खर्च विश्लेषण गरी समायोजन गर्न बाकि ।

९) लेखा समितिले उल्लेख गर्ने चाहेका विवरणहरु ।
क) संस्था एकिकरण तर्फ जोड दिन सुझाव छ ।
ख) सदस्यलाई सहकारी शिक्षामा जोड दिने पर्ने ।
ग) हरेक सदस्यको २ खाता हुनुपर्ने व्यवस्था गनु पर्ने ।
घ) यस वर्ष कारोबार बृद्धि नभएकोले कारोबार बृद्धि तर्फ जोड दिन सुझाव छ ।

१०) लेखा सुपरिवेक्षण समितिका सुझावहरु–:

क. ऋण लगानी पश्चात अनुगमन राम्रो हुनुपर्ने । भाखा नाघेको ऋण असुलीमा कलात्मक  सृजनशिलता अपनाई असुली गर्ने निति लिनु पर्ने ।

ख.  सबै सेवा केन्द्रहरुमा कार्यदलको बैठकमा सुझाब पेटीका खोल्ने व्यावस्था गर्नु पर्ने तथा सुझाव पेटीका नभएका सृवा केन्द्र हरुमा बनाउनु पर्ने ।

ग. निति तथा निर्णय पुर्णरुपमा कार्यान्वयन हुने खालका बनाई कार्यान्वयन हुनुपर्ने

घ) कार्यदलका बैठकहरुमा निर्णय गर्दा तिथी मिति,संख्या किटानी गरी गर्न सुझाब छ ।

ङ) सदस्य वृद्धिमा जोड दिन सुझाव छ ।

च) सेवा सुविधामा संचालक समिति सरह लेखा समीतीलाई पनि राख्नु पर्ने ।

छ) लेखा पुष्टिको लागि संस्थाको सयूक्त सन्तुलन परिक्षण र वासलात यस प्रतिवेदनमा  समावेश गरिएको छ ।

ज) लकडाउनको असर अझै बाकि रहेकोले सदस्यहरुको माग र प्रतिस्पर्धि संस्थाहरुको  क्रियाकलाप अनुसरण गरी अझ श्रावण र भाद्र महिना सम्म ब्याज मात्र असुली गरी लगानी प्रकृया अगाडी बढाउन सुझाव छ ।

झ) सहकारी शिक्षा र तालिमहरु लकडाउन सकिने वितिकै पुनः सञ्चालन गर्न सुझाव छ ।

ञ) सञ्चालक समितिको बैठकमा सम्पती सुद्धीकरण सम्बन्धि छलफल नहुने गरेको हुदा उक्त विषयलाई छलफल गरी कार्यान्वयन गर्न सुझाव छ । कोरोना प्रकोप तथा लामो लकडाउनको अवस्थामा पनी संस्थालाई नोक्सान हुनबाट बचाएकोमा लेखा सुपरीवेक्षण समिति सञ्चालक तथा कर्मचारीहरु प्रति आभार ब्यक्त गर्दछु ।

धन्यवाद            जय सहकारी ।

**श्री विश्वाशिलो बचत तथा ऋण सहकारी संस्था लि.**
**ठाकुरबाबा-८, मढेला, बर्दिया**

## वासलात

३१ आषाढ २०७७ (१५ जुलाई २०२०)

| विवरण | अनुसुची | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| **पुँजि तथा दायित्व** | | | |
| शेयर पूँजि | १ | ४९,६८१,००० | ३९,२६२,७०० |
| जगेडा कोष हिसाब | २ | ३०,७६४,७८४ | २३,५२५,९२५ |
| अन्य कोष हिसाब | ३ | ११,३७६,०४० | १०,९२०,५१८ |
| निक्षेप/बचत हिसाब | ४ | ३०१,३८८,५७७ | २४१,०६९,४०४ |
| बाह्य ऋण हिसाब | ५ | ६,६३३,३२९ | २४,१९१,२६६ |
| व्यवस्था र भुक्तानी दिनुपर्ने | ६ | १०,२६५,९९१ | ७,५१८,३१२ |
| अन्य दायित्व हिसाब | ७ | २०,००७,८५८ | १७,९८४,८०३ |
| **जम्मा** | | **४३०,११७,५७९** | **३६४,४७२,९२९** |
| **सम्पत्ति तथा जायजेथा** | | | |
| स्थीर सम्पत्ति हिसाब | १२ | ९,७२४,९८५ | ८,२८१,९०१ |
| शेयर तथा लगानी हिसाब | ९ | १,०६१,५०० | ७५९,२०० |
| ऋण लगानी हिसाब | १० | ३२८,४६९,३०४ | ३००,३६२,९९३ |
| नगद तथा बैंक मौज्दात | ८ | ८४,२३८,९६५ | ५०,४७०,६३८ |
| पेश्की, धरौटी र पाउनुपर्ने हिसाब | ११ | ६,५७०,२२४ | ४,५४८,१९७ |
| मसलन्द मौज्दात | १३ | ५२,६०२ | ५०,००० |
| **जम्मा** | | **४३०,११७,५८०** | **३६४,४७२,९२९** |

महत्वपुर्ण लेखा निति र लेखा सम्बन्धी टिप्णीहरु : अनुसुची १७

## आय विवरण

मिति २०७६ श्रावण १ देखि २०७७ आषाढ ३१ गते सम्म (१६ जुलाई २०१९ देखि १५ जुलाई २०२०)

| विवरण | अनुसुची | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| ऋणबाट ब्याज आम्दानी | | ५२,६२८,३८९ | ४८,२४१,७९२ |
| **जम्मा ब्याज आम्दानी** | | **५२,६२८,३८९** | **४८,२४१,७९२** |
| बचतमा ब्याज खर्च | | २३८४४०४1।४९ | १९९८१८९९ |
| बाह्य ऋणमा ब्याज खर्च | | १६६०६८०।०१ | ३२१७००३।४९ |
| **जम्मा ब्याज खर्च** | | **२५,५०४,७२२** | **२३,१९८,९०२** |
| **खुद ब्याज आम्दानी** | | **२७,१२३,६६८** | **२५,०४२,८९०** |
| कर्जा नोक्सानीबाट फिर्ता | | - | - |
| अन्य सन्चालन आम्दानी | १४ | ६,५४६,६४६ | ६,५२३,५७२ |
| **जम्मा सन्चालन आम्दानी** | | **३३,६७०,३१४** | **३१,५६६,४६१** |
| सन्चालन खर्च | १५ | १५,२१२,९३९ | १०,७४१,५१४ |
| ऋण नोक्सानी कोष खर्च | | - | ४,०३९,९८३ |
| अन्य संचालन खर्च | १६ | ६,०३२,०६४ | ४,३५६,१०७ |
| **जम्मा खर्च** | | **२१,२४५,००३** | **१९,१३७,६०४** |
| **यस वर्षको खुद नाफा** | | **१२,४२५,३११** | **१२,४२८,८५८** |
| **कर्मचारी बोनसकोष व्यवस्था** | | **१,१२९,५७४** | **१,१२९,८९६** |
| आयकर व्यवस्था | | ५५९,७६७ | ५६०,५०३ |
| कर पछिको खुद आम्दानी (बाँडफाडमा सारिएको) | | १०,७३५,९७० | १०,७३८,४५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| प्र/कार्यकारी अधिकृत | लेखा संयोजक | सचिव | कोषाध्यक्ष | अध्यक्ष | उज्वल बज्राचार्य |
| कृष्ण प्रसाद शर्मा | चित्र प्र. खनाल | प्रेम कु. योगि | शिशु शाहा | देशु थारु | यु. वज्राचार्य एण्ड एशोसियट्स |
| | | | | | चार्टड एकाउण्टेन्ट |

## नाफा–नोक्सान, बाँडफाँड हिसाब

| विवरण | | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|---|
| जगेडा कोष | ३०% | ३,२२०,७९१ | २,२३९,३६४ |
| बाँकी बचत | ७०% | ७,५१५,१७९ | ५,२२५,१८२ |
| **जम्मा रु.** | | **१०,७३५,९७०** | ५,६८८,०६४ |
| सहकारी प्रवर्दन कोष | ०.५ | ३७,५७६ | २६,१२६ |
| संरक्षित पूँजी कोष | २५% | १,८७८,७९५ | १,३०६,२९५ |
| बाँकी कोषहरु | | **५,५९८,८०८** | ३,८९२,७६१ |
| सहकारीशिक्षा कोष | १०% | ५५९,८८१ | ४९६,३९२ |
| शेयर लाभांश कोष | ६०% | ३,३५९,२८५ | २,६१२,५९१ |
| घाटा पूर्ति कोष | ७.५% | ४१९,९११ | ३९१,८८९ |
| सहकारी विकास कोष | ७.५% | ४१९,९११ | ३९१,८८९ |
| समुदाय विकास | ५% | २७९,९४० | – |
| स्थिरीकरण कोष | ५% | २७९,९४० | – |
| जोखिम व्यवस्थापन | ५% | २७९,९४० | – |

महत्वपुर्ण लेखा निति र लेखा सम्बन्धी टिप्णीहरु : अनुसुची १७

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

## नगदप्रबाह बिबरण

### मिति २०७६ श्रावण १ देखि २०७७ आषाढ ३१ गते सम्म (१६ जुलाई २०१९ देखि १५ जुलाई २०२०)

| बिबरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| **खुद आम्दानी** | ११,८६५,५४३ | ११,८६८,३६४ |
| कर्जानोक्सानी कोष खर्च | – | ४,०३९,९७३ |
| सम्पति ह्रास कट्टी | ९२८,३३७ | ६६७,२२५ |
| पेश्की, धरौटी र पाउनुपर्ने रकममा भएको बृद्धि | (२,०२४,६२९) | ५६२,८७२ |
| भुक्तानी दिनु पर्ने / अन्य दायित्व | ४,४८४,५७८ | ६७७,४२२ |
| **सञ्चालन गतिबिधिबाट भएको नगदप्रबाह** | **१५,२५३,८२९** | **१७,८१५,८५६** |
| **लगानी गतिबिधिबाट भएको नगदप्रबाह** | **(३०,७८०,०३२)** | **(३२,०७९,६००)** |
| सम्पत्तिमा भएको बृद्धि | (२,३७१,४२२) | (३२५,९२९) |
| अन्य लगानीमा भएको बृद्धि | (३०२,३००) | (८१,७००) |
| लगानीमा बाँकी ऋण बृद्धि | (२८,१०६,३११) | (३१,६७१,९७१) |
| **बित्तिय गतिबिधिबाट भएको नगदप्रबाह** | **४९,००८,३७३** | **२५,४३५,०६०** |
| शेयर पूँजीमा बृद्धि | १०,४१८,३०० | ९,०९२,७०० |
| बिभिन्न कोषहरुबाट खर्च | (४,२३६,६७७) | (४,५०६,२४९) |
| साधारण जगेडाकोषमा नगद प्राप्त | ६५,५१४ | ७४,७५५ |
| ऋण दायित्वमा बृद्धि | (१७,५५७,९३७) | (१६,५४२,०५५) |
| **बचत्** दायित्वमा बृद्धि | ६०,३१९,१७३ | ३७,३१५,९०९ |
| **नगद तथा नगद सरहमा भएको बृद्धि** | **३३,४८२,१७०** | **११,१७१,३१७** |
| **चालु बर्षको प्रारम्भको नगद तथा बैंक मौज्दात** | **५०,४७०,६३८** | **३९,२९९,३२१** |
| **चालु बर्षको अन्तको नगद तथा बैंक मौज्दात** | **८३,९५२,८०८** | **५०,४७०,६३८** |

महत्वपुर्ण लेखा निति र लेखा सम्बन्धी टिप्णीहरु : अनुसुची १७

प्र/कार्यकारी अधिकृत
कृष्ण प्रसाद शर्मा

लेखा संयोजक
चित्र प्र. खनाल

सचिव
प्रेम कु. योगि

कोषाध्यक्ष
शिशु शाहा

अध्यक्ष
देशु थारु

उज्वल बज्राचार्य
यु. बज्राचार्य एण्ड एशोसियट्स
चार्टड एकाउण्टेन्ट

## अन्य कोष हिसावहरु

| विवरण | यस बर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| सहकारी प्रवर्दन कोष | १०१,२८७ | ६३,७११ |
| संरक्षित पुाजी कोष | १,८७८,७९५ | १,८७९,२३२ |
| सहकारी शिक्षा कोष | ५५९,८८० | ५६०,०१० |
| शेयर लाभांश कोष | ३,३५९,२८५ | ३,३६०,०६६ |
| घाटा पुर्ति कोष | २,७१६,४१३ | २,२९६,५०२ |
| सहकारी विकास कोष | ४१९,९११ | ४२०,००८ |
| समुदायविकास कोष | २७९,९४० | २८०,००६ |
| स्थिरीकरणकोष | २७९,९४० | २८०,००६ |
| जोखिम व्यवस्थापन | २७९,९४० | २८०,००६ |
| कर्मचारीबोनस कोष | १,१२९,५७४ | १,१२९,८९७ |
| घरजग्गा कोष | ३२१,०७५ | ३२१,०७५ |
| पैचौ कार्यक्रम कोष | ५०,००० | ५०,००० |
| जम्मा रु. | ११,३७६,०४० | १०,९२०,५१८ |

प्र/कार्यकारी अधिकृत
कृष्ण प्रसाद शर्मा

लेखा संयोजक
चित्र प्र. खनाल

सचिव
प्रेम कु. योगि

कोषाध्यक्ष
शिशु शाहा

अध्यक्ष
देशु थारु

उज्वल बज्राचार्य
यु. बज्राचार्य एण्ड एशोसियट्स
चार्टड एकाउण्टेन्ट

घरपालुवा हाँस परेवा जंगलमा मयुर, स्वास्थ्य सन्देश सुनाउँछु सुन्नुहोस सबै हजुर ।
शुद्ध छैन खानु पिउनु स्वस्थ छैन शरीर, दिनदिनै रोग फैलिंदा मनमा बढ्छ झन् पिर ।
मीठो-मीठो बनाई खाने फैलिदै छ चलन, पेट खराब छ छातीभित्र हुन्छ सधैं जलन ।
जंकफूड र फास्टफूड खाना हुन यि पत्रु, त्यागौं सबले रोग बढाउने यि हुन हाम्रा शत्रु ।
मीठो खुवाउने होटल मात्र हुनेगर्छ खोजाई, स्वास्थ्य होईन स्वाद मात्रै आज सबको रोजाई ।
अस्तव्यस्त जीवनशैली त्यस्तै खानु पिउनु, नक्कली यो जमानामा मुश्किल छ जोगिनु ।
स्वाद र स्वास्थ्यसँगै भएका खानेकुरा कमछन्, तर मानिस स्वादको मात्र पछिपछि लाग्छन ।
बेहोशी छ बुझाई हाम्रो त्यस्तै आनी बानी, रोगग्रष्त भयो जीवन जानी या नजानी ।
के के खाने के नखाने सोच बिचार गरौं, मीठो मात्रै खान खोज्ने बानीलाई सुधारौं ।
के के खाने के नखाने होश पुऱ्याउँने गरौं, स्वाद होईन स्वास्थ्य रोजौं भ्रममा नपरौं ।
खाने गरौं जैविक खाना स्वस्थ हुनलाई, प्रयोग गरौं जडिबुटी जीवन जोगाउनलाई ।
जिउनेकला सिकाउनु छ धेरैजना कन, स्वस्थ शरीर शान्त मन यही हो ठूलो धन ।
सफा राखौं घर आँगन स्वच्छपिऔं पानी, स्वस्थ आहार बिहार गर्ने सबले गरौं बानी ।
सबै मिलि संरक्षण गरौं हाम्रा वन जंगल, प्राणवायु दिन्छ यसले हुन्छ सबको मंगल ।
जंगल नै हो किट पतंग र जीवजन्तुको संसार, जंगल नै हो प्राणी जगत जीउने सबको आधार ।

धन्यवाद ।

# पर्ल्स विश्लेषण प्रतिवेदन २०७७ असार

| | (सुचकहरु) | लक्ष्य | भएको रकम | आधार अंक | यस वर्षको सुचकाक | गतवर्षको सुचकाक |
|---|---|---|---|---|---|---|
| **P = Protection** (सुरक्षण) | | | | | | |
| P1 | १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि कोषको ब्यावस्था | १००% | ५१९१८१५ | ५१९१८१५ | १०० | १०० |
| P2 | १ महिना देखि १२ महिना सम्म भाषा नाघेको ऋणको लागि कोषको ब्यवस्था | ३५% | ७७६०५७१.३ | ५४२०२३३७ | १४.३२ | ३५ |
| P2x | भाखा ननाघेको असल ऋण रकमको लागि गरिएको ऋण सुरक्षण कोषको अवस्था | १% | ० | २६९०७५१५२ | ०.०० | १ |
| P6 | तिर्न सक्ने सक्षमता | ११०% भन्दा बढी | ४२०२६४६०६.५ | ३५१०६९५७७ | ११९.७ | १२२.२३ |
| **E = Effective financial structure** (प्रभावकारी बित्तिय संरचना) | | | | | | |
| E1 | कुल सम्पतिमा खुद ऋणको अुनपात | ७०%–८०% | ३०१६१५९१९ | ४३०११७५७९ | ७०.१ | ७८.९४ |
| E2 | कूल सम्पत्तिको अनुपातमा तरल लगानी | बढीमा १६% | ८४२३८९६४।६३ | ४३०११७५७९ | १९.६ | १३ |
| E3 | कूल सम्पत्तिको अनुपातमा वित्तीय लगानी | बढीमा २% | १०६१५०० | ४३०११७५७९ | ०.२ | ०.२ |
| E4 | कूल सम्पत्तिको अनुपातमा गैर वित्तीय लगानी | ०% | ० | ४३०११७५७९ | ०.० | ० |
| E5 | कुल सम्पतिमा बचतको अुनपात | ७०%–८०% | ३०१३८८५७७।३ | ४३०११७५७९ | ७०.१ | ६६.१४ |
| E6 | कुल सम्पतिमा बाह्य ऋणको अनुपात | ५% भदा कम | ६६३३३२९ | ४३०११७५७९ | १.५ | ६.६४ |
| E7 | कुल सम्पतिमा शेयरपुँजीको अनुपात | बढीमा २०% | ४९६८१००० | ४३०११७५७९ | ११.६ | १०.७७ |
| E9 | कुल सम्पतिमा खुद संस्थागत पुँजीको अनुपात | कम्तीमा १०% | १९९५१२७३।१८ | ४३०११७५७९ | ४.६ | ७.१९ |
| **A = Assets quality** (सम्पतिको गुणस्तर) | | | | | | |
| A1 | कुल ऋणको अनुपातमा भाखा नाघेको ऋण | ५% भन्दा कम | ६७३८८६७१ | ३२८४६९३०४ | २०.५२ | १३.८५ |
| A2 | कुल सम्पतिमा नकमाउने सम्पतिको अनुपात | ५% भन्दा कम | २०४८९७२६।८४ | ४३०११७५७९ | ४.७६ | ३.९४ |
| A3 | शुद्ध लागतरहित कोषमा आय आर्जन नगर्ने सम्पतीको अनुपात | २००%भन्दा बढी | १९९५१२७३।१८ | २०४८९७२६।८ | ९७ | १३३.१५ |
| **R = Rate of return** (आम्दानी र खर्चको प्रतिफल दर) | | | | | | |
| R1 | औषत कूल शुद्ध ऋण लगानीको अनुपातमा ऋण लगानीबाट प्राप्त आम्दानी | औषत ब्याजदर | ५२६२८३८९ | ३१४४१६१४८ | १६.७४ | १७.१२ |
| R2 | औषत तरल सम्पत्तीको अनुपातमा तरल लगानीबाट प्राप्त आम्दानी | बजार दर | ३३६६२०६।६३ | ६७३५४८०१।२ | ५.०० | ५.२५ |
| R3 | औषत वित्तिय लगानीको अनुपातमा वित्तिय लगानीबाट प्राप्त आम्दानी | बजार दर | १००३९१ | ९१०३५० | ११.०३ | १०.६२ |
| 0 | औषत बचतको अनुपातमा बचतमा तिरेको ब्याज खर्च | बजार दर | २३८४४०४१।४९ | २७१२२८९९१ | ८.७९ | ९.०२ |
| R6 | औषत बाह्य ऋणको अनुपातमा बाह्य ऋणमा तिरेको ब्याज खर्च | बजार दर | १६६०६८०।०१ | १५४१२२९७५ | १०.७८ | ११.५५ |
| R7 | औषत शेयर पुँजीको अनुपातमा लाभांस वितरण | बजार दर >= R5 | ३३५९२८४।८७२ | ४४४७१८५० | ७.५५ | १०.०० |
| R9 | औषत सम्पतिमा संचालन खर्चको अनुपात | ५% भन्दा कम | २१२४५००३।०६ | ३९४८८३९७१ | ५.३८ | ३.५२ |
| **L = Liquidity** (तरलता) | | | | | | |
| L1 | कुल निक्षेपमा तलरता | १६% | ८४२३८९६४।६३ | ३०१३८८५७७ | २७.९५ | १८.२९ |
| L3 | कुल सम्पतिमा आय आर्जन नगर्ने तरल सम्पतिको अनुपात | १% भन्दा कम | ४१४१९१५।८४ | ४३०११७५७९ | ०.९६ | ०.४० |
| **S = Sign of growth** (वृद्धिका संकेतहरु) | | | | | | |
| S10 | सदस्य बृद्धिदर | १५% भन्दा बढी | १३६८ | ९६०६ | १४.२४ | ६.६३ |
| S11 | कुल सम्पति बृद्धिदर | मुद्रा स्फिति भन्दा बढी | ६०८२२०८४।१४ | ३६४४७२९२९।०० | १६.६९ | १३.०३ |
| सदस्य केन्द्रीयता | | | | | | |
| | संस्थापकीय सरोकार | कम्तिमा ३०% | २४२,८६५,१७३ | ४१३,५०७,९०८ | ५८.७३ | ५३.६७ |
| | संचालकीय सक्रियता | कम्तिमा ३०% | ५९४१ | ९६४४ | १०.२७ | ११.०२ |
| | संरक्षकीय सम्बन्धन | कम्तिमा ३०% | ४७८७ | ९६४४ | ४९.६४ | ४९.७९ |

## सहकारी असफल हुनुका कारणहरु

- सदस्यहरुले संस्थाको काममा चासो नराखेमा ।
- पदलोलुप, लालची, हेकमवादी संचालक भएमा ।
- राजनीतिक स्वार्थको लागि संस्था प्रयोग गरेमा ।
- निष्कृय, गैर जिम्मेवार, भ्रष्ट कर्मचारी भएमा ।
- परालम्बी, अर्काको मुख ताक्ने र अरुलाई दोष दिने प्रवृत्ति भएका संचालक तथा सदस्य भएमा ।
- परस्परमा अविश्वास, खिचातानी र हानथाप गरेमा ।
- सहकारीलाई सहकारीताको भावना अनुकूल संचालन नगरेमा ।
- सदस्यहरुको समाज उद्देश्यलाई ध्यानमा नराखी निहित वर्गको स्वार्थमा संस्थाको प्रयोग ।

## जेष्ठ नागरिक बचत

- ५० वर्ष उमेर पुगेका शेयर सदस्यहरुले बृद्ध अवस्थाको साहाराको लागि यो बचत खाता संचालन गर्न सक्नेछन् ।
- यो खाता रु.५०१।- बाट संचालन गर्न सकिनेछ।
- यस खाताको रकम जेष्ठ नागरिक भएको अवस्थामा मात्र झिक्न सकिनेछ।
- यस खाताको रकम निजको हकवालाले प्राप्त गर्ने अवस्थामा कारण सहित मात्र उपलब्ध गराईनेछ।

## सामान खरिद बचत

- शेयर सदस्यहरुले आफुलाई उपयोगी सामानहरु (मोबाइल, कम्प्यूटर, टेलिभिजन, रेफ्रिजेरेटर, मोटरसाईकल, साईकल, घरायसि समान, गरगहना आदि) खरिद गर्नको लागि यो खाता संचालन गर्न सक्नेछन् ।
- यो खाता रु.५०१।- बाट संचालन गर्न सकिनेछ।
- यस खाताको रकम सामग्री खरिदका लागि झिक्नु पर्ने छ।

## सुत्केरी बचत

- महिला शेयर सदस्यहरुले गर्भवती अवस्था र सुत्केरी अवस्थाामा झिक्नको लागि यो खाता संचालन गर्न सक्नेछन् ।
- यो खाता रु.५०१।- बाट संचालन गर्न सकिनेछ ।
- यस खातामा ६ महिना अगाडिबाट खाता खोली नियमित रुपमा जम्मा गर्दै कम्तीमा रु.५०००।०० सम्म जम्मा गर्नु पर्ने छ ।
- यो खाता पनि संचालन गरेको भए निजले बच्चाको नावालक बचत खाता निशुल्क खाता खोली संस्थाको तर्फबाट रु.५०० बच्चाको नावालक खातामा प्रोत्साहन स्वरुपमा जम्मा गरीने छ । साथै यो सुविधा र सदस्य राहत कार्यक्रमबाट सुत्केरी सुविधा बापत उपलब्ध गराईने अनुसारको रकम सगै उपलब्ध गराईने छ । यो सुविधा लिन बच्चाको जन्मदर्ता पेश गर्नु पर्ने छ।

## हाल संस्थाद्वारा संचालित बचत तथा व्याजदर

| | |
|---|---|
| नियमित बचत ६% | सेवा सुत्केरी बचत ७% |
| दैनिकि बचत/साप्ताहिक/पाक्षिक बचत ५% | शिक्षा बचत ७% |
| कारोबार/पट्के (ऐच्छिक) बचत ५% | विदा सञ्चय बचत ७% |
| खुत्रुके बचत ५% | उपदान बचत खाता ७% |
| नावालक बचत ६% | सामान खरिद बचत ७% |
| आवधिक बचत ६.५-९% | राहत कोष बचत ७% |
| सामुहिक बचत ५.५% | लघुवित्त बचत ५-९% |
| पर्व बचत ७% | जेष्ठ नागरिक बचत ७% |
| ऋण कारोवारो ९% | |

**बचतमा बृद्धि, जीवनमा समृद्धि**

संस्थाद्वारा संचालित ऋण सेवाहरु

| शिर्षकहरु | वाड फाँड | अधिक्तम ऋण सिमा | अन्तिम भुक्तानी अवधि |
|---|---|---|---|
| १. कृषि तथा पशुपालन ऋण | २०% | २५ लाख | ८ वर्ष |
| २. व्यापारिक तथा औद्योगिक ऋण | २५% | २५ लाख | ६ वर्ष |
| ३. शैक्षिक ऋण | ३% | १० लाख | ५ वर्ष |
| ४. घरजग्गा | २५% | १० लाख | ४ वर्ष |
| ५. बैदेशिक रोजगार/शिक्षा ऋण | १०% | १५ लाख | ३ वर्ष |
| ६. हायर पर्चेज ऋण | ४% | १५ लाख | ६ वर्ष |
| ७. आकस्मिक ऋण | १% | २० हजार | १महिना |
| ८. वायोग्याँस | १% | ५० हजार | २ वर्ष |
| ९. खरखाँचो ऋण | १% | २ लाख | १ वर्ष |
| १०. कोभिड ऋण | १०% | ५ लाख | २ वर्ष |

- आफ्नै बचत धितो ऋणमा बचतमा दिईने व्याजमा थप २%
- मासिक व्याज अनिवार्य तिर्नु पर्ने, व्याज मासिक नतिरेमा १%
- असोज,पौष र चैत्र मसान्तमा नतिरेमा २ % र आषाढ मसान्तमा ३ % हर्जाना स्वरुप व्याज थप लाग्ने छ । तोकिएको समयमा किस्ता नतिरेमा प्रत्येक महिनामा १ प्रतिशतका दरले ३ प्रतिशत सम्म हर्जाना स्वरुप व्याज थप लाग्ने छ ।
- यसै गरि संस्थाबाट लिएको ऋण उद्देश्य अनुसार सदुपयोग भएको नपाईएमा २ प्रतिशत हर्जाना स्वरुप व्याज थप लाग्ने छ।

- ऋणी र संस्था विच आपसि सहमतिमा किस्ताको अधिक्तम अवधि माथि उल्लेखि दफा २.२ (आ) बमोजिम तय गरिनेछ । माथि जतिसुकै भएपनि ऋण सिमा तोकिए पनि ऋण लगानी गर्दा एकाघर परिवारमा अधिक्तम ऋण सिमा रु.२५ लाख भन्दा बढि हुने छैन । माथि उल्लेखित अधिक्तम भुक्तानी अवधि लगानी हुने रकमको आधारमा ५ लाख सम्म ४ वर्ष, १० लाख सम्म ५ वर्ष, १५ लाख सम्म ६ वर्ष, २० लाख सम्म ७ वर्ष र २५ लाख सम्म ८ वर्ष कायम गरि लगानी गरिने छ । कोभिट ऋणको अधिक्तम भुक्तानी अवधि अधिक्तम २ वर्ष रहने छ ।
- यसै गरि कोभिड १९ को प्रभावले २०७६ चैत्र ११ देखि किस्ता तथा व्याज तिर्न नसकेका ऋणहरुले संस्थामा आई किस्ताको म्याद थप गर्न अनुरोध गरेमा २०७७ पौष मसान्त सम्म किस्ताको म्याद थप गर्न सकिने छ ।
- व्याजदर : प्रतिस्पर्धि संस्थाको व्याजदर विष्लेषण गरि संस्थाको संचालक समितिले व्याजदर तथा हर्जानाको दर समय समयमा तोके वमोजिम हुने छ ।
- कोभिड ऋणः ऋणी सदस्यहरुले संस्थाबाट ऋण लिई व्यापार, व्यवसाय, उद्योगधन्दा, कृर्षी तथा पशु पालन, बैदेशिक रोजगार तथा अध्ययन, पर्यटन तथा होटल व्यवसाय संचालन गरि रहेकोमा कोभिड १९ को प्रभाव परि लकडाउन अवधि २०७६।१२।११ देखि नियमित रुपमा आफ्नो पेशा व्यवसाय संचालन गरि संस्थालाई किस्ता तथा व्याज तिर्न नसक्ने अवस्था सृजना भएको तथा व्यवसाय संचालन गर्न पुँजीको अभाव भएको अवस्थालाई ध्यानमा राखि त्यस्ता सदस्यहरुको व्यवसायलाई संचालन गर्न सहयोग पुर्‍याउने उद्देश्यले अधिक्तम ५ लाख सम्म २ वर्ष अन्तिम भुक्तानी अवधिमा चुक्ता हुने गरि लगानी गर्न सकिने छ । यस्तो ऋण लगानी गर्दा पहिले लिएको ऋणको तिर्नुपर्ने किस्ता र व्याज असुल गरि लगानी गरिने छ । यस्तो ऋण लगानी गर्न पहिले लिएको धितोको मुंल्याकन र रोक्कालाई आधार बनाई सोहिको अधिक्तम सिमालाई आधार बनाईने छ । यो ऋण लघुवित्त तर्फ पनि लघुवित्तको अधिक्तम ऋण सिमा लागु हुने छ ।

**सदस्य राहत निति बमोजिम प्रदान गरिने सुविधाहरु :-**

क) सदस्यको मृत्यु भएमा निजको नजिकको हकवालालाई किरीया खर्च बापत तपसिल बमोजिमको रकम प्रदान गरिनेछ ।

१. सदस्य बनेको मिति १ वर्ष देखि १५ वर्ष सम्मको सदस्यलाई रु.१०,०००।००

२. सदस्य बनेको मिति १६ देखि २५ वर्ष सम्मको सदस्यलाई रु.१५०००।००

३. सदस्य बनेको मिति २६ देखि ३० वर्ष सम्मको सदस्यलाई रु.२००००।००

४. सदस्य बनेको मिति ३१ वर्ष देखि माथिको सदस्यलाई रु.२५०००।००

५. शेयर सदस्यको श्रीमान् वा श्रीमतीको मृत्यु भएमा मृत्यकको श्रीमान् वा श्रीमतीले माथि उल्लेखित रकमको २५ प्रतिसत मात्र रकम दिईने छ । यो सुविधा मृतक स्वंय संस्थाको शेयर सदस्य नभएको अवस्थामा मात्र दिईने छ ।

ख) सदस्यको दुर्घटनाका कारण स्थायी अशक्तता भएको अवस्थामा एक पटक रु. ८,०००।-(निती लागुहुनु भन्दा पहिला भएको दुर्घटनाका लागि यो सुविधा दिइने छैन् ।)

ग) शेयर सदस्य सुत्केरी भएमा (पहिलो र दास्रो बच्चा) सम्म प्रत्येक पटक रु.१०००।- प्रदान गरिने छ ।

घ) शेयर सदस्य १ वा २ सन्तानमा परिवार नियोजन गरेमा रु. ५००।०० ।

ङ) शेयर सदस्य मध्ये अपाङ्ग, बृद्ध, एकल महिला र दलित सदस्यलाई कुनै निको नहुने रोग लागेको अवस्थामा उपचारका लागि बढिमा रु.५०००।– सम्म प्रदान गरिने छ ।

च) सदस्यले बसोवास गर्ने घरआगलागि भएमा क्षति हेरि बढिमा ५ हजारसम्म उपलब्ध गराउन सकिने ।

छ) खाता खोलेको १ वर्ष पछि नावालक बचत कर्ताको मृत्यु भएमा रु.५०००।०० राहत उपलब्ध गराईने छ ।

ज) संस्थाको शेयर सदस्यले घर परिवारको सदस्यको दुर्घटनामा परि उपचार गराउने आकस्मीक ऋण लिएको अवस्थामा ऋणी स्वयंमको पनि दुर्घनामा परि मृत्यु भएमा उक्त ऋण रकम बढिमा रु.२०,०००।०० सम्म सदस्य राहत कोषबाट भुक्तानी गरिने छ। आकस्मिक ऋणको भाखा नाघेको अवस्थामा यो सुविधा उपलब्ध हुने छैन।

## निर्वाचन निति २०७० को दोस्रो संशोधन २०७७ का मुख्य व्यवस्थाहरु

निर्वाचन समिति र निर्वाचन अधिकृत सम्बन्धी व्यवस्था :

यस सस्थाको संचालक समितिको बैठकले संचालक समिति, लेखा सुपरिवेक्षण समिति र केन्द्रिय प्रतिनिधिको निर्वाचन कार्यको लागि जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि वा केन्द्रिय कार्यालय रहेको पालिकाको सहकारी शाखा (फाँट) को प्रमुखलाई निर्वाचन समितिको संयोजक (निर्वाचन अधिकृत) मा १ जना मनोनयन गर्ने छ र नेफ्सकुनको प्रतिनिधि १ जना, नजिकका मा.वि. स्तरको स्थायी शिक्षकबाट १ जना गरि ३ जनाको निर्वाचन समिति गठन हुने छ । साथै क्षेत्रीय साधारण सभा सम्पन्न हुने स्थानमा मतदान गराउनु पर्ने अवस्थाको लागि संचालक समितिले मतदान उपसमितिहरु गठन गर्ने छ । यस उपसमितिमा संयोजक (मतदान अधिकृत) सेवाकेन्द्र रहेको पालिकाको सहकारी शाखा (फाँटको प्रमुख) वा सेवाकेन्द्र रहेको वडाको सचिब वा क्षेत्रीय साधारण सभा हुने वडाको सचिब १ जना र २ जना विज्ञको रुपमा निजामति कर्मचारी १ जना र नि.मा.वि स्तरको स्थायी शिक्षक १ जना सदस्यको रुपमा रहने छन्।

निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गर्ने : यस संस्थाको केन्द्रिय प्रतिनिधि, सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको पदाधिकारीहरुको निर्वाचनको लागि १५ दिन अगावै निर्वाचन समितिले बैठक बसी अनुसूची -१ अनुसारको ढाँचामा निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गर्नु पर्नेछ ।

**उम्मेदवारबाट दरखास्त लिने :**

(क) संस्थाको संचालक समिति, लेखा समितिको उम्मेदवारको लागि दरखास्त दिन योग्यता पुगेको व्यक्ति वा प्रतिनिधिले अनुसूची-४ बमोजिमको ढाँचामा राखी उम्मेदवारको दरखास्त दिनुपर्नेछ ।

(ख) उम्मेदवारको लागि दरखास्त दिंदा एक जना प्रस्तावक र एकजना समर्थकको सही भएको हुनुपर्छ । तर कुनै उम्मेदवारको लागि एक पटक प्रस्तावक वा समर्थक भएपछि अर्को उम्मेदवारको लागि प्रस्तावक वा समर्थक बन्न पाउने छैन ।

(ग) निर्वाचन अधिकृतले प्राप्त दरखास्त जाँच गरी उम्मेदवारहरुको नामावली अनुसूची-५ बमोजिमको ढाँचामा तयार गरी सूचना प्रकाशित गर्नु पर्नेछ ।

(घ) उम्मेदवारको दावी विरोध र नाम फिर्ता लिन छोटो अवधिको म्याद दिनुपर्छ र त्यसपछि अन्तिम नामावली प्रकाशित गर्नु पर्नेछ ।

ङ) निर्वाचन उपसमितिले उम्मेदवारबाट तपसिल बमोजिमको दस्तुर फिर्ता नहुने गरि लिने छ ।

<u>तपसिल</u>

अध्यक्ष रु.१५००।००, उपाध्यक्ष रु.१०००।००, सचिब रु.१०००।००, कोषाध्यक्ष रु.१०००।००, सं. समिति सदस्य रु.५००।००, लेखा सुपरिवेक्षण समिति संयोजक रु.१५००।००,

लेखा सुपरिवेक्षण समितिसदस्य रु.५००।०० र केन्द्रीय प्रतिनिधि रु.१०००।००

च) निर्वाचन उपसमितिले तपसिल बमोजिमका पदहरुको निर्वाचनको लागि दरखास्त लिने छ तपसिल

- संचालक समितिका लागि अध्यक्ष १ जना, उपाध्याक्ष १ जना, सचिब १ जना, कोषाध्यक्ष १ जना र ९ जना सदस्य गरि जम्मा १५ जना
- लेखा सुपरिवेक्षण समितिका लागि १ जना संयाजक र २ जना सदस्य गरि जम्मा ३ जना
- केन्द्रीय प्रतिनिधी १ जना ।

७. **उम्मेदवार हुन आवश्यक योग्यताहरु :** एक जना व्यक्ति एक भन्दा बढी पदको लागि उम्मेदवार बन्न पाउने छैन । निम्न अवस्थामा कुनै पनि व्यक्ति सञ्चालक समिति

लगायत लेखा समिति कुनै पदको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(क) गत आ.व.को अन्तमा संस्थालाई तिर्नु बुझाउनु पर्ने नगदी वा जिन्सी बांकी रहेको,

(ख) गत आ.व.को अन्तमा संस्थामा बेरुज (पेश्कि) वा भाखा नाघेको ऋण वा अन्य प्रकारको रकम कायम रहेको,

(ग) संस्था वा अन्य वित्तीय संस्थाको ऋण चुक्ता नगरे वापत कालो सूचीमा परेको,

(घ) सम्पत्ति शुद्धिकरण सम्बन्धी मुद्दामा कारवाही चलि रहेको वा कारवाही भएको,

(ङ) सोही प्रकृतिको संस्थामा शेयर सदस्य रहेको तथा अन्य सहकारी संस्थाको संचालक, लेखा समितिमा बहाल रहेको ।

(च) खुल्ला तर्फ उम्मेदवारी दिँदा शेयर सदस्य भएको ३ वर्ष पुरा नभएको,

(छ) एक व्यक्ति लगातार एकै पदमा २ कार्यकाल रहेको र

(ज) नियमिति बचत ६ महिना देखि नगरि निष्कृय रहेको ।

**समावेशि संरचानाको व्यवस्था :** यस सहकारी संस्थामा लैंगिक, भेगिय तथा नेतृत्व परिवर्तनका आवश्यकता अनुसार तपसिल बमोजिम समाबेशि संरचाना कायम गरिएको छ ।

**क) लैंगिक सहभागिता :** संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीमा १ जना सहित सदस्यको चयन गर्दा कम्तीमा ३३ प्रतिशत महिलाको सहभागिता गराउने व्यवस्था मिलाउनु पर्ने छ ।

**ख) क्षेत्रगत सहभागिता :** संचालक समितिका पदाधिकारी बाहेक सदस्यको चयन गर्दा हाललाई ठाकुरबाबा नं.पा. वडा नं.१,२,३,४,५ बाट १ जना, ६,७,८,९ वाट १ जना र संस्थाको बांकि कार्यक्षत्रका प्रत्येक पालिकाबाट १/१ जना गरी जम्मा ६ जना लाई क्षेत्रगत रुपमा सहभागिता गराउने व्यवस्था मिलाउनु पर्ने छ ।

**(ग) नेतृत्व परिर्वतन :** यस संस्थामा अनुभवी सदस्य कायम रहने व्यवस्थाका लागि कम्तिमा ३३ प्रतिशत पुराना सदस्य आउनु पर्ने व्यवस्था तथा लगातार २ पटक भन्दा बढि सोहि पदमा रहन नपाउने व्यवस्था निवार्च समितिले मिलाउनु पर्ने छ ।

समावेशि गराउन तोकिएको संख्याको लागि छुट्टै दरखास्त लिईने छ। यसरी दरखास्त लिँदा दरखास्त पर्न नसकेमा ३ पटक सम्म दरखास्त आह्वान गरिने छ। ३ पटक सम्म पनि दरखास्त नपरेमा खुल्लाबाट उम्मेदवारी लिई निर्वाचन सम्पन्न गरिने छ ।

क्षेत्रीय साधारण सभाको व्यवस्था :संचालक समिति, लेखा सुपरिवेक्षण समिति र केन्द्रिय प्रतिनिधिको निर्वाचनका लागि मतदान गर्ने अवस्थामा क्षेत्रीय साधारण सभा भएको स्थानलाई मतदानकेन्द्र मानि निर्वाचन समितिले मतदान उपसमितिको सहायतामा सबै शेयर सदस्यलाई मतादाता मानि मतदान गराउनु पर्ने छ ।

**मतपत्र सम्बन्धी व्यवस्था :**

- निर्वाचन कार्यक्रमका लागि उम्मेदवारहरुको संख्याको आधार निर्वाचन समितिको निर्णय अनुसार मतपत्र तयार हुनेछ ।
- निर्वाचन कार्यमा प्रयोग गरीने मतपत्र, कागजात र अन्य आवश्यक सामाग्री निर्वाचन समितिले संचालक समिति संग समन्वय गरी व्यवस्था मिलाउने छ ।
- निर्वाचन कार्यका लागि निर्वाचन समितिले संस्थाका कर्मचारीहरुलाई लिखित पत्रद्धारा माग गरि परिचालन गर्न सक्ने छ ।
- मतदानक कार्य सम्पन्न भई सकेपछि मत पेटीका सुरक्षित साथ मतगणनाका लागि केन्द्रिय कार्यालमा पुर्‍याउने कार्य मतदान अधिकृतको हुने छ ।
- सबै मतदान केन्द्रमा स्वतन्त्र मतदान र शान्ती सुव्यवस्था कायम गर्नका लागि सुरक्षा कर्मी लागी सम्बन्धित सुरक्षा निकायसंग समन्वय गरी व्यवस्था गर्ने ।

प्रतिनिधि नियुक्त गर्न सक्ने व्यवस्था : कुनै उम्मेदवारले आफ्नो तर्फबाट निर्वाचनको

मतदान कार्यको रेखदेख गर्न उम्मेदवारको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्यको लागि संस्थाका सदस्यहरुमध्ये अनुसूची - ६ बमोजिमको ढाँचामा कसैलाई पूर्ण अधिकार दिई प्रतिनिधि नियुक्ति गर्न सक्ने छ ।

**मतपेटिकामा मतदान गर्ने व्यवस्था :**

(क) मतदानको लागि एउटा वाकस वा स्थानीय रुपमा उपलब्ध कुनै बट्टालाई मतपेटिकाको रुपमा प्रयोग गर्न सकिने छ । मतदान शुरु हुनुभन्दा अघि उक्त खाली मतपेटिका उम्मेदवारहरु वा उनीहरुका प्रतिनिधि सामु खोलेर देखाई मत संकेत गर्ने गोप्य कोठाको बाहिर पट्टी सबैले देख्ने ठाउँमा राख्नु पर्छ ।

(ख) मतपत्रमा मत संकेत गर्नको लागि एउटा गोप्य कोठा वा ठाउँ बनाउनु पर्छ ।

(ग) मतदाताले निर्वाचन अधिकृतसँग मतपत्र लिई उक्त कोठामा गई मत संकेत गरी बाहिर आई उक्त मतपत्र मतपेटिकामा खसाल्नु पर्छ ।

(घ) मतदान कार्य समाप्त भएपछि अनुसूची - ७ को ढाँचा अनुसार मुचुल्का खडा गर्नुपर्छ र त्यसपछि त्यसै ठाउँमा मतगणना गर्नुपर्छ ।

**सदर वा बदर मतपत्रको व्यस्थास्था :**

(क) मत संकेत गर्दा आफूले मत दिन चाहेको उम्मेदवारको नाम थर भएको मत संकेत गर्ने कोठाभित्र पर्ने गरी स्वस्तिक चिन्ह लगाउनु पर्नेछ ।

(ख) दुई उम्मेदवारहरुको कोठाहरुमा पर्ने गरी स्वस्तिक चिन्ह लगाई ती मध्ये कसलाई मत दिएको हो भन्ने प्रष्ट नभएमा, मतपत्रमा स्वस्तिक चिन्ह नै नलगाएमा र निर्वाचन अधिकृतको सही नभएमा मतपत्रहरु बदर हुनेछन् ।

(ग) एउटा उम्मेदवारको कोठामा स्वस्तिक चिन्ह लगाएको तर स्वस्तिक चिन्ह धर्काको टुप्पो दोस्रो उम्मेदवारको कोठामा छुन पुगेको भएता पनि मत संकेत भने एकै उम्मेदवारलाई गरेको हो भन्ने प्रष्ट देखिएमा त्यस्तो मतपत्र सदर मान्नु पर्छ ।

(घ) आवश्यक पद भन्दा वढी संख्यामा मतदान गरेमा सो मत वदर हुनेछ ।

(ङ) मतपत्र सदर वा बदर गर्ने बारे निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

**निर्वाचन परिणाम घोषित गर्ने:**

(क) निर्वाचनको परिणाम अनुसूची-८ बमोजिमको ढाँचामा मुचुल्का तयार पारी उम्मेदवारलाई वा उनीहरुको प्रतिनिधिहरुलाई सही गराई घोषणा गर्नुपर्नेछ ।

(ख) जुनसुकै पदको लागि जति उम्मेदवार खडा भएतापनि सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई विजयी घोषित गर्नु पर्नेछ ।

(ग) समान किसिमका एकभन्दा बढी पदको लागि निर्वाचन गर्दा जति पदको लागि निर्वाचन भएको हो त्यति पद सम्ममा बढी मत प्राप्त गर्ने उम्मेदवारहरुलाई विजयी घोषित गर्नु पर्नेछ ।

**गोला हाली निर्णय गर्ने व्यवस्था** : मत गणनामा एक भन्दा बढी उम्मेदवारको मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गराई विजयी घोषित गर्नु पर्नेछ ।

**निर्विरोध घोषणा गर्ने व्यवस्था** : उम्मेदवारको संख्या निर्वाचन गर्ने पदको संख्या बराबर भएमा निर्वाचन अधिकृतले त्यस्तो व्यक्तिलाई निर्विरोध विजयी भएको घोषित गर्नु पर्नेछ ।

**प्रमाण-पत्र दिने व्यवस्था** : निर्वाचनमा विजयी उम्मेदवारलाई अनुसूची - ९ बमोजिमको ढाँचामा प्रमाण-पत्र दिनु पर्दछ ।

**चित्त नबुझ्नेले उजुर गर्ने व्यवस्था** : यस संस्थाको हकमा निर्वाचन अधिकृतद्वारा गराइएको निर्वाचनमा चित्त नबुझे सम्बन्धित सहकारी कार्यालय समक्ष ३५ दिन भित्र उजुर गर्न सकिने छ। सहकारी विभागको रजिष्ट्रारले गराएको निर्वाचन सम्बन्धमा ३५ दिनभित्र सम्बन्धित मन्त्रालयका सचिव समक्ष उजुर गर्न सकिनेछ ।

# टिप्पणी

## टिप्पणी

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................